





**प्रकाशक :**

तीनपाटन गाउँपालिका, सिन्धुली



तीनपाटनको सेरोफेरो स्थानीय पाठ्यक्रम










# तीनपाटनको सेरोफेरो



## स्थानीय पाठ्यक्रम

कक्षा (१-५)

# तीनपाटनको सेरोफेरो

## स्थानीय पाठ्यक्रम

कक्षा (१-५)


तीनपाटन गाउँपालिका

सिन्धुली

# पाठ्यक्रम निर्माण कार्यदलको भनाइ

विश्वव्यापी स्थापित एवम् प्रमाणित मान्यताले के भन्छ भने संस्कार, संस्कृति एवम् भाइचारा र बन्धुत्वको भावना विकास गराउन हामीलाई संस्कारयुक्त शिक्षा चाहिन्छ । शिक्षा विकास एवम् प्रगतिको केवल पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । गुणस्तरीय र स्थानीय स्रोत, साधन एवम् सम्भावनाको पहिचान गराउन सक्ने शिक्षाले समाजलाई उन्नतिशील बनाउन सक्छ । सभ्य समाज बनाउन मद्दत गर्छ र समतामूलक समाज निर्माणमा साथ दिन्छ। शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नयनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन सक्दैन ।

समयसापेक्ष, गुणस्तरीय र व्यवहारिक शिक्षाले सिप, सिर्जना र रोजगारीको सम्भावना( लाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संकृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा प्रगति र समृद्धिको बाटो पहिल्या( उन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समयसापेक्ष बनाउदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रुपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण र कार्यान्वयनको विभिन्न मोडलहरू प्रयोगमा ल्याइएको पाइन्छ । मूलतः शिक्षालाई योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्ष( ागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । स्थानीय आवश्यकता, विज्ञता एवम् स्थानीय परिवेशको जगमा स्थानीय पाठ् यक्रम निर्माण गर्न सकिने नीतिगत व्यवस्था रहेको सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने प्रचलन पनि बढिरहेको पाइन्छ ।

माथि उल्लिखित पृष्ठभूमिमा तीनपाटन गाउँपालिकामा शैक्षिक सत्र २०७७ देखि लागू हुने गरि तीनपाटनको सेरोफेरो नामक कक्षा (१-५) को पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्या( उन सकेकोमा हामी अत्यन्त हर्षित छौं । हाम्रो प्रयासलाई सफल पार्न सहयोग गर्नुहुने शिक्षाविद् डा.हरिप्रसाद पोखरेललाई विशेष धन्यवाद दिदै पाठ्यक्रम निर्माणमा आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
तीनपाटन गाउँपालिका, सिन्धुली ।

# उपाध्यक्षको भनाइ

तीनपाटन गाउँपालिकाले **तीनपाटनको सेरोफेरो** नामक स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याउन सफल भएको यस सुखद घडीमा म सम्पूर्ण तीनपाटनबासीलाई बधाइ एवम् शुभकामना व्यक्त गर्न चाहान्छु । तीनपाटन आफैमा स्रोत, साधन र सम्पदानले धनि भएत( ापनि यहाँको सम्भावनाहरुलाई सही रुपमा उपयोग गर्दै समृद्ध तीनपाटन बनाउने हाम्रो अभियानले पूर्ण रुपमा सार्थकता पाउन सकेको छैन । फराकिलो फाँट, बनजङ्गल, खोला-नाला, प्राकृतिक स्रोत साधन, मठमन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक सम्पदाहरुको विकास, प्रचार प्रसार तथा संरक्षण गर्दै यहाँका सम्पदाहरुलाई जोगाइ राख्नु हामी सबैको परम कर्तव्य हो । तीनपाटनमा अवस्थिति विभिन्न पर्यटकीय क्षेत्रहरुको विकासमा अझ क्रियाशील हुन आवश्यक देखिन्छ। विविध जातजाति, धर्म, संस्कार, सभ्यता, पेसा, व्यावसाय, उद्यम तथा रैथाने प्राविधिकहरुको जगेर्ना गर्न यस पाठ्यक्रमले सघाउने कुरामा म विश्वस्त छु ।

शिक्षाको समुचित विकासबाट मात्र सभ्य समाज र प्रगतिशील संस्कार विकास गर्न सकिने भएकोले स्थानीय पाठ्यक्रमको माध्यमले यहाँका रैथाने संस्कृति, मूल्यमान्यता, गीत, संगीत, बाद्यबादनको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गर्न बल पुग्ने मेरो ठम्याइ छ। तीनपाटनको समग्र परिचय समेटिएको यस पाठ्यक्रमले हाम्रो स्थानीय ज्ञानको क्षेत्र फराकिलो बनाउन समेत सहयोग गर्ने छ । यस पाठ्यक्रमको सफल एवम् प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सरोकारवाल( ाहरुको साथ र सहयोग हुने विश्वास ब्यक्त गर्न चाहान्छु । तीनपाटनको नालीबेली समेटेर तयार गरिएको यस पाठ्यक्रमबाट हाम्रा बालबालिकाहरुले आफ्नो जन्मभूमीको बारेमा समेत यथोचित जानकारी प्राप्त गर्न सक्ने हुँदा यसको प्रभावकारी कार्यान्वयनमा सबैको सहयोग बाञ्छनीय छ ।

अन्त्यमा, यस पाठ्यक्रम निर्माणमा सहयोग गर्नु हुने डा. हरिप्रसाद पोखरेलज्यूलाई विशेष आभार व्यक्त गर्दै पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संलग्न हुनुहुने सम्पूर्णमा म आत्मादेखी नै धन्यबाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

उपाध्यक्ष

**पदममाया तमाङ**

तिनपाटन गाउँपालिका सिन्धुली ।

# अध्यक्षको भनाइ

शिक्षाको समग्र पक्षको विकासको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयात्मक भूमिका महत्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको पृष्ठभूमिमा हामी निर्वाचित भएर आइसकेपछि तिनपाटन क्षेत्रको शैक्षिक उन्नयनमा हामी क्रियाशील भएको कुरा आम नागरिकलाई विधितै छ । शिक्षाको सन्तुलित विकास नभएसम्म अरु क्षेत्रको विकासले गति लिन सक्दैन भन्ने कुरामा सायद कसैको दुईमत हुन नसक्ला । यसै कुरालाई आत्मसात गर्दै शैक्षिक सत्र २०७७ देखी हामीले तीनपाटनको सेरोफेरो नामक स्थानीय पाठ्यक्रम निर्माण गरि कक्षा (१-५) मा लागू गर्ने योजना अनुरुप यो पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सकेकोमा म अत्यन्त हर्षित छु । तीनपाटनको सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक लगायत समग्र पक्षहरुलाई समुचित रुपमा समेटेर तयार गरिएको यस पाठ्यक्रमले तीनपाटनको वास्तविक पहिचान दिन सक्ने मेरो विश्वास छ । तीनपाटनको पहिचान झल्कने गरि तयार गरिएको तीनपाटनको सेरोफेरो नामक स्थानीय पाठ्यक्रमले समग्र तीनपाटनको क्षेत्रको परिचय सहितका विषयवस्तुहरु समेटिएकोले यो तीनपाटनको एक मौलिक सम्पत्तिको रुपमा रहने मेरो विश्वास छ ।

पाठ्यक्रम निर्माणमा आफ्नो तर्फबाट निरन्तर सहयोग गर्नुहुने तीनपाटन गाउँपालिकाकी उपाध्यक्ष पद्ममाया तामाङ, पाठ्यक्रम निर्माणमा क्रियाशील रहनु भएका तीनपाटन गाउँपालिकाका शिक्षा अधिकृत रामचन्द्र खड्का र पाठ्यक्रम निर्माण उप-समितिका सम्पूर्ण सदस्य ज्यूहरुलाई म विशेष धन्यवाद ज्ञापन गर्न चाहान्छु । यस पाठ्यक्रममा स्थानीय विषयवस्तु समेट्न सहयोग गर्नुहुने जनप्रतिनिधिज्यूहरु, शिक्षकका प्रतिनिधिमूलक संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, शिक्षा समितिका पदाधिकारीज्यूहरु प्रति म आभार व्यक्त गर्न चाहान्छु । यस पाठ्यक्रमलाई लेखन, सम्पादन गरि यस स्वरुपमा विकास गर्न सहयोग गर्नुहुने शिक्षाविद् डा. हरिप्रसाद पोखरेलज्यूलाई अन्तर आत्मादेखी नै आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यो पाठ्यक्रमको सफल कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापकज्यूहरु, शिक्षकका प्रतिनिधिमूलक संस्थाका पदाधिकारीज्यूहरु, आम अभिभावक तथा जनप्रतिनिधि र शिक्षा समितिका पदाधिकारीहरुको सार्थक प्रयास रहने विश्वास लिदै पाठ्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

**अध्यक्ष**<br>
**कर्णबहादुर थापा**<br>
तीनपाटन गाउँपालिका, सिन्धुली

# विषयसूची


१. सन्दर्भ

२. विषय प्रवेश

३. तीनपाटनको सेरोफेरो (स्थानीय पाठ्यक्रम) को परिचय

४. तहगत सक्षमता

५. विषय तथा पाठ्यभार निर्धारण

६. कक्षागत सिकाइ उपलब्धि

७. विषय क्षेत्र निर्धारण

८. विषय क्षेत्र विस्तृतिकरण

कक्षा : १

कक्षा : २

कक्षा : ३

कक्षा : ४

कक्षा : ५

९. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

१०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्ष

११. मूल्याङ्कन प्रणाली :

१२. स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

तीनपाटन गाउँपालिका

संस्थागत पूर्वाधार र श्रोत

१. शिक्षण संस्था

२. स्वास्थ्य संस्था

अनुसूची १ :

तिनपाटनको सेरोफेरो (स्थानीय विषयमा विभिन्न वडाहरूबाट प्राप्त

सन्दर्भ सामग्रीहरु

# १. सन्दर्भ

शिक्षा विकास र सम्वृद्धिको मूल आधार हो । सभ्यताको मार्ग हो । सिप, सिर्जना र उत्पादनमा जोड दिने शिक्षा अहिलेको आवश्यकता हो । संस्कार, संस्कृति एवम् भाइचारा र बन्धुत्वको भावना विकास गराउन हामीलाई संस्कारयुक्त शिक्षा चाहिन्छ । शिक्षा विकास एवम् प्रगतिको केवल पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । गुणस्तरीय र स्थानीय स्रोत, साधन एवम् सम्भावनाको पहिचान गराउन सक्ने शिक्षाले समाजलाई उन्नतिशील बनाउन सक्छ । सभ्य समाज बनाउन मद्दत गर्छ र समतामूलक समाज निर्माणमा साथ दिन्छ । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नयनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन सक्दैन । गुणस्तरीय र व्यवहारिक शिक्षाले सिप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संकृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा प्रगति र समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समयसापेक्ष बनाउदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रुपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण र कार्यान्वयनको विभिन्न मोडलहरू प्रयोगमा ल्याइएको पाइन्छ । मूलतः शिक्षालाई योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । स्थानीय आवश्यकता, विज्ञता एवम् स्थानीय परिवेशको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने नीतिगत व्यवस्था रहेको सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने प्रचलन पनि बढिरहेको पाइन्छ ।

संघीय स्तरमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सही ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग बाञ्छनीय हुन्छ भन्ने मान्यता अहिले आएर स्थापित भएको पाइन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीयता, समुदायको माग, सिकारुको रुचि/क्षमता एवम् अभिभावकको आवश्यकतालाई सही ढङ्गले सम्बोधन गर्न सक्ने विश्वास रहि आएको देखिन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारुसम्म पुऱ्याउने एउटा सहज मार्गको रुपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्षमा समग्र शिक्षण-सिकाइको योजनाको रुपमा पनि पाठ्यक्रमलाई अर्थ्याउने गरेको देखिन्छ । जहाँसम्म

स्थानीय पाठ्यक्रमको विषय छ, यो स्थानीय आवश्यकताको जगमा स्थानीय परिवेशसँग नजिक हुन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रहि स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ । तीनपाटन गाउँपालिकाले तीनपाटनको सेरोफेरोलाई समेटेर **तीनपाटनको सेरोफेरो**नामक स्थानीय पाठ्यक्रम निर्माण गरि शैक्षिक सत्र २०७७ बाट कक्षा १ देखी क्रमशः लागू गर्दै लैजाने योजनाका साथ पाठ्यक्रम निर्माण गरेको हो । तीनपाटनको सेरोफेरोमा तीनपाटन गाउँपालिकाको परिवेश, आवश्यकता, सम्भावना र अवस्थितिलाई समेटिएको छ । यो पाठ्यक्रममा तीनपाटन गाउँपालिकाको ११ ओटै वडाबाट प्राप्त सुझावहरुलाई समेटिएको छ । यसो हुँदा पाठ्यक्रममा स्थानीय आवश्यकताले समुचित स्थान पाएको छ ।

## २. विषय प्रवेश

पाठ्यक्रम योजनावद्धरुपमा शिक्षण सिकाइको आधार भएकोले यो शिक्षण सिकाइको मार्गदर्शन पनि हो । यसलाई सिकाइको स्पष्ट योजना भनेर पनि अर्थ्याउन सकिन्छ । शिक्षण सिकाइलाई निर्देशित गर्ने मुख्य आधारको रुपमा पनि पाठ्यक्रमलाई लिन सकिन्छ । शिक्षण-सिकाइको निर्धारक र समग्र शैक्षिक कार्यक्रमको मार्गनिर्देशन गर्ने सम्पूर्ण योजनाको एकीकृत स्वरुप भनेर पनि  पाठ्यक्रमलाई परिभाषित गर्ने गरेको पाइन्छ । निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न बनाइएको एउटा व्यवस्थित र योजनाबद्ध शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्ने प्रचलन पनि छ । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम तयार गर्ने परम्परा प्रचलनमा रहदै आएको छ । स्थानीय पाठ्यक्रमलाई लुप्त (Hidden) पाठ्यक्रमको रुपमा पनि लिने गरेको पाइन्छ । किनभने यसले सिकारुको रुचि र अभिभावको आवश्यकतामा आधारित विभिन्न विषयवस्तुहरुबारे समुचित ज्ञान दिन सहयोग गर्दछ । स्थानीय सरोकारवालालाई प्रत्यक्ष सहभागिता गराई स्थानीय परिवेश सापेक्ष विषयवस्तु समेटेर स्थानीय आवश्यकता सम्बोधन गर्ने प्रयोजनले तयार गरिने स्थानीय पाठ्यक्रमले विषयवस्तुको सहजीकरणको लागि पनि स्थानीय विज्ञता र स्थानीय स्रोत साधनको प्रयोगमा जोड दिन्छ । सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाइ रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासको लागि स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुन्छ । यसले स्थानीय भूगोललाई समेट्छ । स्थानीय परिवेशलाई आत्मसात गर्छ । स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाउँछ ।

स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई प्रतिविम्बन गर्छ । स्थानीय सरोकारवालाहरूलाई समेट्छ । सारमा स्थानीय अवस्थाको प्रचार प्रसार, विकास, संरक्षणलाई अङ्गाल्छ । रैथाने सिप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्द्धन गर्ने अभिष्ट राख्दछ  र राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरू पनि स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ ।

नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, सांस्कृतिक र धार्मिक रुपले विविधतायुक्त देश हो । यस मेसोमा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्ण रुपमा सम्बोधन गर्न नसक्ने वास्तविकतालाई आत्मसात् गर्दै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय तहहरु क्रियाशील भएका सुखद पक्ष पनि देखिन्छ । देश विकासका विभिन्न पक्षमा सबै नागरिकको समान स्वामित्व र सहभागिता आवश्यक हुन्छ भन्ने प्रचलित मान्यतालाई पनि स्थानीय पाठ्यक्रमले सम्बोधन गर्न सक्नुपर्दछ । सम्बोधन गर्छ भन्ने विश्वास पनि संस्थागत हुदैछ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि, माग, विज्ञता र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ। शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुरूप लक्षित वर्ग र सामुदायको आवश्यकता सम्बोधन गर्नका लागि स्थानीय सरोकारवाला, स्रोत साधन र विज्ञतालाई उपयोग गर्दै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिन्छ ।यसै पृष्ठभूमिमा तीनपाटन गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको विषयवस्तु र सिन्धुली जिल्लाको परिवेशलाई आफ्नो स्थानीय पाठ्यक्रम भित्र समेट्ने प्रयत्न गरेको छ ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षकले सिकारुको सहभागितामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीयतहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि यस कुरालाई उच्च महत्व दिएको देखिन्छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक संघ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्त्वपूर्ण हुन्छ। गैरसरकारी संघ/संस्थाको सहयोग लिएर स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने भएकोले पनि सबैको साथ सहयोग र विज्ञताको समुचित कदर गर्दै स्थानीय आवश्यकताको

आधारमा स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने परिपाटीको विकास हुन थालेको सुखद अवस्था सिर्जना भएको छ यतिखेर । विविधताको सम्मान गर्दै स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ । नेपालमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको सँगनिधित्व हुन नसकेको परिवेश विद्यमान छ । फलस्वरुप शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन। अतः स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको अधिकाधिक सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरि विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिदै स्थानीय पाठ्यक्रम निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

स्थानीय परिवेशको जगमा स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसारका स्थानीय ज्ञान, सिप, धारणासँग सम्वन्धित विषयवस्तुहरू समावेश गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमको रुपमा मान्यता दिने प्रचलन विश्वको विकासोन्मुख र विकसित देशहरूमा पनि पाइन्छ । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तैः स्थानीय मठमन्दिर, सांस्कृतिक सम्पदा, रहनसहन, स्थानीय माटो तथा हावापानी, चालचलन आदिको बारेमा यथोचित जानकारी गराउन पनि स्थानीय पाठ्यक्रम महत्त्वपूर्ण छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो स्थानीय परिवेशअनुकूल मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमा नै निर्माण गरि कार्यान्वयन गरिने लचिलो प्रकृतिको पाठ्यक्रम हो । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै : स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, संगीत, आदिको बारेमा यथोचित जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउन पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्न आवश्यक छ । रैथाने ज्ञान, सिप, मूल्यमान्यता तथा संस्कार र चालचलनको संरक्षण, सम्बर्द्धन र विकास गर्नमा समेत स्थानीय पाठ्यक्रम सहयोगी हुने विश्वास लिन सकिन्छ । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुबाट राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । माथि गरिएको विश्लेषणको आधारमा तीनपाटन गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गरिनुको मुख्य उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

क) तीनपाटन गाउँपालिकाको स्थानीय वस्तुस्थिति, आवश्यकता र सामाजिक-सांस्कृतिक परिवेश अनुरुपको स्थानीय विषयवस्तुलाई प्रोत्साहित गर्न,

ख) पालिकाभित्रका वातावरणीय, भौगोलिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय, संस्कृति एवम् प्राकृतिक सम्पदाको बारेमा परिचित गराउन,

ख) पालिकाभित्रका स्थानीय व्यक्ति समूह वा समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न,

ग) स्थानीय जातजाति, धर्म, संस्कृति, परम्परा, मान्यता, चाडपर्व, मठमन्दिर, स्थान विशेष कला कौशल, उद्योग,व्यवसाय,स्थानीय स्रोतको उचित सम्मान र परिचालन गरि संरक्षण र संवर्द्धन गर्न,

घ) स्थानीय नेतृत्व र संरचना, पोषण, खानपिन र सरसफाइबारे सिकारुलाई सूसुचित गराउन ,

ङ) शिक्षालाई श्रम, सिप र उत्पादनसँग जोड्दै जीविकोपार्जनमा सक्षमता अभिवृद्धि गर्न,

च) स्थानीय परम्परागत ज्ञान, सिपको खोजी र सम्बर्द्धन गर्दै उद्यमशीलताको विकास गर्न,

छ) विपद व्यवस्थापन तथा सुरक्षित विद्यालयको अवधारणाबारे स्पष्ट हुन तथा सो सम्बन्धी आवश्यक ज्ञान, सिप र अभिवृत्ति आर्जन गर्न ।

स्थानीय विषय स्वभावले नै स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकतालाई मुख्य आधार बनाएर तयार गरिने पाठ्यक्रम हो । यो स्थानीय परिवेश सापेक्ष हुन्छ । राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका स्थानीय सरोकारका विषयवस्तुहरू समेटेर तयार गरिने स्थानीय पाठ्यक्रमका केही आधारभूत पक्षहरू हुन्छन् । स्थानीय पाठ्यक्रमका आधारभूत पक्षहरूलाई नै तीनपाटन गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार मानेको छ ।

**क) स्थानमा आधारित सिद्धान्त :** ग्रामीण समाजको वस्तुस्थितिको वस्तुपरक आँकलन गरि स्थानीय स्रोत, साधन, ज्ञान, सिप र मान्यताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने, प्रचारप्रसार गर्ने र स्थानीय समुदायलाई सुसूचित गराइ स्थानीय विशिष्टता सिकारु समक्ष पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरिने भएकोले यो स्थानमा आधारित सिद्धान्तबाट निर्देशित छ ।

**ख) सामाजिक पुनरसंरचनावादी सिद्धान्त :** यो तीनपाटन गाउँपालिकाको सामाजिक मुद्धा, सामाजिक आवश्यकता, भविष्यको आशा र स्थानीय सामाजिक संरचनाको जगमा तयार गरिएकोले पनि यसमा सामाजिक पुर्नसंरचनावादी सिद्धान्तको पृष्ठभुमि रहेको छ ।

**ग) रैथाने मान्यताकेन्द्रित सिद्धान्त :** स्थानीय पाठ्यक्रम रैथाने ज्ञान, सिप, अभिवृत्ति तथा स्थानीय विशिष्ट परिवेशको जगमा तयार गरिने भएकोले यो रैथाने मान्यताकेन्द्रित सिद्धान्तबाट परिलक्षित हुन्छ ।

यी उल्लिखित सिद्धान्तको अतिरिक्त स्थानीय पाठ्यक्रम निम्न मान्यताको जगमा तयार गरिएको छ:

- **आधारभूत आवश्यकता**

स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश र स्थानीय आवश्यकताका मुलभूत पक्षलाई आत्मसात् गर्न सक्नुपर्दछ । सोझो अर्थमा स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको सँगनिधित्व गर्नुपर्दछ । स्थानीय आवश्यकताको पहिचान गर्ने कार्य स्थानीय सरोकारवालाहरूको नै भएकोले स्थानीय सरोकारवालाहरूको सार्थक सहभागितामा मात्र स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यो कुनै कोठामा बसेर विज्ञता ओकेल्ने प्रक्रिया होइन । यो त स्थानीय सरोकारवालाहरूको चाहना, आवश्यकता र रुचिको आधारमा स्थानीय विषयवस्तु समेटेर तयार गरिने पाठ्यक्रम हो । स्थानीय समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिका लागि अवसरहरू पहिचान र परिचालन गर्ने माध्यमको रुपमा पनि स्थानीय पाठ्यक्रमलाई अर्थ्याउन सकिन्छ । यस अर्थमा पनि स्थानीय आवश्यकताको पहिचान स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष हो भन्न सकिन्छ ।

- **स्थानीय विषयवस्तु**

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय स्तरको विषयवस्तु हो । स्थानीय विषयवस्तुको पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुनुपर्छ । स्थानीय समुदायमा आधारित, स्थानीय परिवेशमा आधारित ज्ञान, सिप, प्रविधि, अवधारणा, मूल्यमान्यता र स्थानीय स्रोत-साधन तथा भौगोलिक, सांस्कृतिक, प्राकृतिक, जातिगत, भाषिक, कला, कौशल जस्ता विषयवस्तुहरू नै स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू हुन् ।

- **स्थानीय सहभागिता र विज्ञता**

स्थानीय पाठ्यक्रमको अर्को महत्त्वपूर्ण आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय परिवेशलाई स्थानीय सरोकारवालाहरूले नै सही ढङ्गले बुझ्न सक्छन् । स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयनमा स्थानीय समुदायमा रहेका व्यक्तिहरू र स्थानीय विज्ञ व्यक्तिहरूको संलग्नता बाञ्छनीय हुन्छ । यसमा स्थानीय विज्ञताको समुचित कदर गरिन्छ । किनपनि भने स्थानीय विज्ञताले स्थानीय परिवेशलाई समुचित ढङ्गले आत्मसात् गर्न सक्छ । पाठ्यक्रम निर्माण र लेखन गर्ने काम एक प्राविधिक काम भएकोले पनि स्थानीय विज्ञहरूलाई समेट्न आवश्यक हुन्छ । पाठ्यक्रमका लागि चाहिने स्रोत, साधन, सूचना र सन्दर्भ ग्रन्थहरूको सङ्कलन, विश्लेषण र ती पक्षहरूलाई पाठ्यक्रममा समेट्ने दक्षताको कमी भयो भने स्थानीय पाठ्यक्रमले सही विषयवस्तु समावेश गर्न सक्दैन । यस अर्थमा पनि स्थानीय सहभागिता र विज्ञतालाई स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष मानिएको हो ।

## ३. तीनपाटनको सेरोफेरो (स्थानीय पाठ्यक्रम) को परिचय

तीनपाटन गाउँपालिकामा अध्ययनरत कक्षा १-५ का बालबालिकाहरूले स्थानीय वातावरण तथा मूल्यमान्ताबारे जानकारी लिई सोही अनुरुपको व्यवहार प्रदर्शन गर्न सकुन् । रैथाने पेसा व्यावसायलाई सम्बर्द्धन र संरक्षण गर्दै आवश्यकताको आधारमा आधुनिकीकरण गर्न उत्प्रेरित होउन्, जीविकोपार्जनको मार्ग पहिल्याइ आत्मनिर्भरतातर्फ उन्मुख हुन अग्रसर रहुन भनेर यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । आफ्नो वस्तुस्थिति, स्थानीय परिवेशको बारेमा आवश्यक जानकारी पाउन सकुन, स्थानीय कला, संस्कृति, कृषि, जीविकोपार्जन, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, जातिगत, भाषिक अवस्थाबारे समुचित सूचना प्राप्त गर्न सकुन भनेर यो पाठ्यक्रम निर्माण गरिएको हो । स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिसँग सुसूचित गराउँदै बालबालिकाहरूलाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो पाठ्यक्रम तयार गरिएको हो । बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस पाठ्यक्रमले तीनपाटनको गाउँपालिका वस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ । यस पाठ्यक्रममा निम्नलिखित क्षेत्रहरू समेटिएका छन्:

१. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार

२.तीनपाटनको रैथाने पेशा, व्यवसाय, सिप र प्रविधि

३.तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा

४. तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू

५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद

६. पोषण, खानपिन तथा सरसफाइ

७. विपद ब्यवस्थापन र सुरक्षित विद्यालय

## ४. तहगत सक्षमता

तीनपाटनको सेरोफेरो नामक यस स्थानीय पाठ्यक्रमले खासमा तीनपाटनको सेरोफेरोमा विद्यमान वातावरण, संस्कार, संस्कृति, जातजाति तथा समग्र वस्तुस्थितिसँग सिकारु परिचित हुन सकुन् भन्ने उद्देश्य राखेको छ । रैथाने पेसा, व्यवसाय, प्रविधि, सम्पदा लगायत विविध पक्षहरूबारे सिकारुलाई सक्षमता हासिल गर्ने तहगत उद्देश्य पनि राखेको छ । समग्रमा तीनपाटनको सेरोफेरोलेसमेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

## *आधारभूत तह (कक्षा १-५)*

**यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता प्राप्त हुने छन् :**

१. तीनपाटनको वातावरण, भौगोलिक परिवेश तथा सामाजिक मूल्यमान्यताका आधारभूत पक्षहरूलाई पहिचान गर्न,

२. असल परम्परा एवम तीनपाटन क्षेत्रका राम्रा अभ्यासहरूलाई आत्मसात् गर्दै विविधताको सम्मान गर्न,

३. तीनपाटन क्षेत्रभित्रका पेसा, व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरू पहिचान गरि उपयुक्त पेसामा सहभागी भई जीविकोपार्जन गर्न,

४. तीनपाटनका सम्पदाहरूसँग परिचित भई संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहन,

५. तीनपाटनको ऐतिहासिक, पर्यटकीय तथा पुरात्वात्विक सम्पदाको संरक्षण, सम्बर्धन विकासमा क्रियाशील हुन,

६. जातजाति र भाषाभाषिबीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्वहरूसँग परिचित हुन,

७. स्थानीय संरचनासँग परिचित हुन एवम् ऐतिहासिक व्यक्तित्व तथा सहिदसँग परिचित भई सम्मान व्यक्त गर्न,

८. स्थानीय स्रोतबाट निर्मित पोषणयुक्त खानेकुराहरूको प्रयोग गर्न तथा जङ्कफूड (पत्रु खाना)को नकारात्मकअसरसँग सचेत रहन,

९. तीनपाटन क्षेत्र वरपर घट्न सक्ने प्राकृतिक प्रकोप तथा विपदबारे जानकारी लिइ विपत व्यवस्थापनमा जागरुक हुन र सुरक्षित विद्यालय निर्माणमा योगदान पुऱ्याउन ।

## ५. विषय तथा पाठ्यभार निर्धारण

**विषय :** तीनपाटन सेरोफेरो

**साप्ताहिक पाठ्यभार :** ५ (कक्षा १-३), बार्षिक : १६०

**साप्ताहिक पाठ्यभार** : ४ (कक्षा ४-५), बार्षिक : १२८

| क्र. सं. | क्षेत्र | कक्षा | पा.भा | कक्षा | पा.भा | कक्षा | पा.भा | कक्षा | पा.भा | कक्षा | पा.भा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | **१** | **२५** | **२** | **२५** | **३** | **२५** | **४** | **२३** | **५** | **२३** |
| २ | तीनपाटनको स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | **१** | ३० | **२** | ३० | **३** | ३० | **४** | २० | **५** | २० |
| ३ | तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | **१** | ३० | **२** | ३० | **३** | ३० | **४** | २५ | **५** | २५ |
| ४ | तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | १ | २० | २ | २० | ३ | २० | ४ | २० | ५ | २० |
| ५ | स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिदहरू | **१** | १५ | २ | १५ | ३ | १५ | ४ | १० | ५ | १० |
| ६ | पोषण, खानपिन तथा सरसफाइ | **१** | २५ | २ | २५ | ३ | २५ | ४ | २० | ५ | २० |
| ७ | विपद व्यवस्थापन तथा सुरक्षित विद्यालय | **१** | १५ | २ | १५ | ३ | १५ | ४ | १० | ५ | १० |
| | जम्मा | | १६० | | १६० | | १६० | | १२८ | | १२८ |

## ६. कक्षागत सिकाइ उपलब्धि

### तीनपाटनको सेरोफेरो (स्थानीय विषय) को कक्षागत सिकाइ उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| १.तीनपाटन क्षेत्रभित्रका वनस्पति, जीवजन्तु र स्रोत साधनको नाम बताउन<br>२.सबैसँग मिलेर बस्न र नाता एवम् सम्बन्ध अनुसार सम्बोधन गर्न, | १.आफ्नो वरपरको वातावरणसंग परिचितन हुन<br>२.साथी समूहसँग मिलेर बस्न र सहयोग आदान प्रदान गर्न, | १.स्वच्छ वातावरण निर्माणको उपाय अवलम्बन गर्दै यसबाट फाइदा लिन,<br>२.तीनपाटनको वातावरणसँग परिचित हुन, | १.वातावरण संरक्षणका उपायहरू अबलम्बन गर्न,<br>२.घरपालुवा जनावरहरू पहिचान गर्न,<br>३.तीनपाटन गा.पा.को भौगोलिक बनावट, अवस्थिति, विशेषता र महत्व बताउन, | १.प्राकृतिक र मानवनिर्मित स्थानीय वातावरणको परिचय दिन,<br>२.प्रदुषणको परिचय दिन र वातावरण स्वच्छता कायम गर्ने उपायहरू सुझाउन,<br>३. वातावरण संरक्षण तथा स्रोतसाधनको विवेकशील प्रयोग गर्न, |
| ३. तीनपाटन क्षेत्रका प्रमुख बाली तथा फलफूल र तरकारी पहिचान र गरि उपयोग गर्न,<br>४.घरपालुवा पशुपन्छीसँग परिचित भई उनीहरूको समुचित उपयोग गर्न र बासस्थान बताउन, | ३.अपाङ्गताको पहिचान गर्न, सहयोग गर्न, गुरु/अग्रजहरूको सम्मान, सानालाई माया र सहयोग गर्न<br>४.स्थानीय अन्नबाली, फलफूल, तरकारी र जडिबुटी पहिचान गर्न | ३.तीनपाटन गा.पा.को भौगालिक संरचना पहिचान गर्न र विशेषता बताउन<br>४.तीनपाटन गा.पा.को स्रोतसाधनको पहिचान र संरक्षण गर्न<br>५.स्थानीय सम्पदाको महत्त्व बुझ्न र संरक्षणका उपायहरू अवलम्बन गर्न<br>६.अग्रजहरूको असल कार्य अनुकरण/अनुसरण गर्न | ४.तीनपाटन गा.पा.का प्रमुख नदीहरू, खोला, ताल, पोखरी, बनजंगलको सामान्य परिचय दिन<br>५.तीनपाटन गा.पा.को भौगोलिक बनावट, अवस्थिति र विशेषता बताउन,<br>६.फोहोरमैला ब्यवस्थापन गर्ने तरिकाबारे जानकारी लिन | ३. तीनपाटन गा.पा.का प्रमुख नदी तथा खोलाहरूको संरक्षणका उपायहरू सुझाउन<br>४.तीनपाटन गा.पा.का प्राकृतिक स्वरुपको विशेषता र महत्व बताउन<br>५.तीनपाटन गा.पा. का प्राकृतिक स्वरुप, जल, जमीन, जंगल, पहाड, बेसी, फाँटको परिचय दिन |

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| ५.तीनपाटन गा.पा.मा अवस्थित प्रमुख सम्पदाहरूको नाम बताउन<br>६.आफ्ना वरपरका जातजाति र भाषाभाषीसँग परिचित हुन<br>७.स्थानीय भाषासँग परिचित हुन,<br>८.आफ्नो स्थानीय तहको नाम र प्रमुख स्रोतसाधनको नाम बताउन<br>९.स्थानीय चाडपर्वहरू मनाउने तरिका बताउन<br>१०.विशिष्ट व्यक्तित्वहरूको अनुशरण गर्न<br>११.सरसफाइ गर्न तथा पोषणयुक्त खानाको उपयोग गर्न | ६.स्थानीय सामग्रीबाट निर्मित घरेलु समानको उपयोग गर्न<br>७.आफ्नो वरिपरिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको सामान्य परिचय दिन<br>८.पालिकामा बोलिने प्रमुख भाषा र स्थानीय चाडपर्वसँग परिचित हुन<br>९.आफ्नो स्थानीय तहको सामान्य जानकारी लिन<br>१०.पालिकाका प्रमुख स्रोतसाधन पहिचान गर्न<br>११.स्थानीय विशिष्ट व्यक्तित्वहरूको योगदान आत्मासात गर्न | ७.असहाय, ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग अपाङ्गताहरूलाई सहयोग र सम्मान गर्न<br>८.स्थानीय अन्नबाली, फलफुल, जडिबुटीको महत्व पहिचान र सदुपयोग गर्न<br>९.स्थानीय प्रविधि र सिपसँग परिचित हुन<br>१०.स्थानीय स्तरमा निर्मित घरेलु सामग्रीको पहिचान र संरक्षण गर्न<br>११.स्थानीय सम्पदाहरूको पहिचान र संरक्षण गर्न<br>१२. पालिकाभित्रका पर्यटकीय स्थलहरू पहिचान गर्न<br>१३.स्थानीय जातजाति, भाषाभाषी एवम् चाडपर्वहरूको सामान्य परिचय दिन | ७.संस्कारयुक्त असल नागरिक बन्न<br>८.सहयोग र सहकार्यको संस्कृति विकास गर्न<br>९.अपाङ्ग अपाङ्गताहरूलाई सम्मान र सहयोग गर्न<br>१०.स्थानीय अन्नवाली, फलफुल, तरकारी उत्पादन गर्ने तरिका पहिचान गर्न<br>११.कृषि, पेसा व्यवसायबाट हुने फाइदा बताउन<br>१२.बनजङ्गलको महत्व बताउन<br>१३.स्थानीय कृषिमा प्रयोग हुने सामग्रीको नाम र काम बताउन<br>१४.पशुपन्छीपालनका लागि आबश्यक पूर्वाधारहरूसँग परिचित हुन | ६.पानीको मुहान संरक्षणका उपायहरूसँग परिचित हुन,<br>७.स्थानीय असल संस्कार, सभ्यता र मूल्यमान्यतासँग परिचित हुन<br>८.समाजबाट स्वीकृत नीति नियम, आचरणको पालना गर्न<br>९.स्थानीय कृषिसँग परिचित हुन<br>१०.कृषि तथा पशुपालन व्यवसायको आवश्यकता र महत्व बताउन<br>११.वातावरण संरक्षणका उपायहरू बताउन<br>१२.स्थानीय घरेलुसामग्री निर्माण गर्ने तरिकाबारे परिचित हुन |

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| १२.विपदसँग सचेत रहदै सुरक्षाको उपायहरूसँग परिचित हुन | १२.आफ्नो घर, कक्षाकोठा र व्यक्तिगत सरसफाइमा सरिक हुन<br>१३.आफू बसेको ठाउँमा हुन सक्ने विपदसँग सचेत रहदै विपदबाट बच्ने उपाय अपनाउन | १४.स्थानीय चाडपर्वहरूसँग परिचित हुन<br>१५.सिन्धुली जिल्लाको नौ स्थानीय तहको नाम बताउन<br>१६.तीनपाटन गा.पा.को प्रमुख स्रोत साधनहरूसँग परिचित हुन<br>१७.सहिदको परिचय दिन | १५.स्थानीय घरेलुसामग्री निर्माण र प्रयोगमा उत्प्रेरित हुन<br>१६.तीनपाटनको सेरोफेरोको परिचय दिन<br>१७.तीनपाटन गा.पा.का प्रमुख सम्पदाहरूको सामान्य परिचय दिन<br>१८.तीनपाटन गा.पा. अन्तरर्गतका जातजातिको संस्कारजन्य कुराको परिचय दिन | १३.तीनपाटनमा अवस्थित सम्पदा एवम् स्रोत साधनका महत्व बताउन र यसको संरक्षणका उपायहरू सुझाउन<br>१४.सम्पदा संरक्षणमा अग्रसर हुन<br>१५.तीनपाटन गा.पा.भित्र बसोबास गर्ने प्रमुख समुदायको संस्कारगत विशेषता बताउन<br>१६.तीनपाटन गा.पा.भित्रको प्राकृतिक स्रोतहरूको संरक्षण र उपयोग गर्ने तरिकाहरू बताउन |
| | | १८.जङ्कफुड (पत्रुखाना) को नकारात्मक प्रभाव र घरमा निर्मित पोषणयुक्त खानाको सकारात्मक प्रभावसँग परिचित हुन<br>१९.विपद, यसको कारण र बच्ने उपायहरूबारे सुसूचित हुन । | १९.जिल्ला समन्वय समिति र स्थानीय तहको संरचना बताउन,<br>२०.जङ्कफुड (पत्रुखाना) ले पुऱ्याउने असरसँग परिचित हुन,<br>२१.घरमा निर्मित पोषणयुक्त खानाको फाइदा बताउन र उपयोग गर्न<br>२२.विपदबाट सुरक्षित हुने उपायहरू अबलम्बन गर्न<br>२३.सुरक्षित बासस्थान र सुरक्षित विद्यालयबाट हुने फाइदाहरू बताउन । | १७.जिल्ला समन्वय समिति र स्थानीय तहको प्रमुख कार्यहरू बताउन<br>१८.स्थानीय विशिष्ट व्यक्तित्वको योगदान बताउन<br>१९.सहिदको योगदानको कदर गर्न<br>२०. जङ्कफुड र स्थानीय पोषणयुक्त खानाको तुलना गर्न<br>२१.स्थानीय पोषणयुक्त परिकार बनाउने तरिकाहरू जान्न<br>२२. फोहोरमैलाको सही किसिमले व्यवस्थापन गर्ने तरिकाहरू अपनाउन<br>२३.सुरक्षित आवास एवम् विद्यालयको आवश्यकता र महत्त्व बताउन |

# ७. विषय क्षेत्र निर्धारण

## कक्षा १-५ का लागि विषय क्षेत्र

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • तीनपाटन क्षेत्रका वनस्पति, जीवजन्तुको नाम ।<br>• तीनपाटन क्षेत्रभित्रका नदी, खोला, पोखरी, बनजङ्गल, जमिनको अवस्था,<br>• साथीसमूहसँग .घुलमिल, शिक्षक, बुवाआमा र आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन, .अपांगअपाङ्गता र अशक्तहरूसँग सहयोग आदानप्रदान । | • तीनपाटनको वातावरण बुझ्न तथा बनस्पति र जीवजन्तु चिन्न,<br>• तीनपाटन क्षेत्रभित्रका नदी, खोला, पोखरी, बनजङ्गल, जमिन, कान्ला, भिर, मैदान, नाम र पहिचान ,<br>• आफ्ना साथीसमूहसँग सहयोग आदान प्रदान , कक्षाकोठामा<br>• अपाङ्गअपाङ्गताहरू को पहिचान र सरसहयोग, मेलमिलाप र गुरु/ परिवारका अग्रजहरूको सम्मान,<br>• सानालाई माया र सहयोग गर्न । | • स्वच्छ वातावरणको परिचय दिन र फाइदा पहिचान गर्न,<br>• तीनपाटन क्षेत्रभित्रका नदी, खोला, पोखरी, बनजङ्गल, जमिन, कान्ला, भिर, मैदानको पहिचान गर्न, प्राकृतिक सम्पदाको महत्व बुझ्न,<br>• शिक्षक तथा बाबुआमा र आफुभन्दा ठूलाले भनेको कार्य गर्न,<br>• असहायहरूलाई सहयोग गर्न,<br>• अपाङ्ग अपाङ्गता, दुःखी, बृद्ध-बृद्धा, अशक्तहरूलाई सम्मान र सहयोग गर्न,<br>• अपांगतामैत्री बन्न । | • तीनपाटनको वातावरण संरक्षणका उपायहरू अबलम्बन, घरपालुवा जनावरहरू पहिचान, तीनपाटनका प्रमुख नदीहरू, खोला, ताल, पोखरी, बनजंगलसँग परिचित ।<br>• तीनपाटन गा.पा.को भौगोलिक बनावट, जमिनको अवस्थिति, प्रमुख भौगोलिक परिचय र विशेषता,<br>• .फोहोरमैला व्यवस्थापन,<br>• अग्रज तथा मान्यजन र अशसक्तहरूलाई सरसहयोग, सम्मान, सम्बोधन र असल आचरण प्रदर्शन गर्न, सहयोग आदानप्रदान गर्न,<br>• विद्यालयको नियमको पालना गर्न, घरयासी कामकाजमा सहयोग र सहकार्य गर्न,<br>• अपाङ्ग अपाङ्गताहरूलाई सहयोग गर्न । | • प्राकृतिक र मानवनिर्मित वातावरणको परिचय दिन,<br>• प्रदुषणको परिचय दिन र वातावरण स्वच्छता कायम गर्ने उपायहरू अपनाउन,<br>• सिन्धुलीका प्रमुख नदी कोशी, कमला, तथा खोलाहरू मरिण, चदाहा, गडौली, गौमति तथा अन्यको सामान्य परिचय र अवस्था ।<br>• सिन्धुलीको प्राकृतिक स्वरुप, जल, जमीन, जंगल, पहाड, बेसी, फाँटको परिचय,<br>• पोखरी, ताल तथा पानीको मुहान संरक्षणका उपायहरू अपनाउन,<br>• स्थानीय रुपमा प्रचलित असल संस्कार, आचरण, मूल्यमान्यता र सभ्यताको पहिचान र ग्रहण गर्न,<br>• अग्रजको सम्मान गर्न,<br>• सानालाई माया गर्न तथा सत्य बोल्ने बानीको विकास गर्न,<br>• अपाङ्गअपाङ्गकाहरूसँग सहकार्य गर्न तथा समाज स्वीकृत व्यवहारको ग्रहण गर्न,<br>• विद्यालय, घर तथा समाजको स्थापित नियमको पालना गर्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| २. तीनपाटनको स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | • स्थानीय प्रमुख पेसा र बालीहरूको नाम, स्थानीय फलफुलको नाम, स्थानीय तरकारीको नाम, घरेलु पशुपन्छीको नाम, स्थानीय प्रविधिहरू ढिकी, जातो, कोल, घट्ट, आरन, हलो, मोही पार्ने प्रविधि, माछा मार्ने जाल आदिको पहिचान । | • स्थानीय प्रमुख पेसा, व्यावसायको नाम, बाली, फलफुल तरकारी, पशुपन्छी र जडिबुटिको नाम र पहिचान, माटो, बाँस, पराल, खर, काँस तथा काठबाट स्थानीय तहमा निर्मित सामग्रीहरू नाम र काम । | • स्थानीय प्रमुख बाली, फलफुल तरकारी, पशुपन्छी र जडिबुटि नाम, पहिचान, आवश्यकता र महत्व ।<br>• स्थानीय स्रोतबाट स्थानीय प्रविधि र सिपको प्रयोगबाट निर्माण गर्न सकिने सामग्रीहरूको संक्षिप्त परिचय ।<br>• यस्ता सामग्रीहरूको आवश्यकता र महत्व । | • स्थानीय प्रमुख बाली, फलफुल तरकारी र जडिबुटि पहिचान गर्न र त्यसको उपयोग गर्न, उत्पादन गर्ने तरिका अपनाउन,<br>• पशुपन्छी पालन तथा जडिबुटि उत्पादनबाट हुने फाइदा, बनजंगलको परिचय र महत्व ।<br>• कृषिको लागि आवश्यक सामग्रीहरूको पहिचान र उपयोग ।<br>• पशुपन्छीपालनका लागि आवश्यक पूर्वाधारहरू ।<br>• स्थानीय प्रविधिको प्रयोग गरि बस्तुको उत्पादन, डोको, नाम्लो, पिरा, ढाकी, मान्द्रो, डालो, फुर्लुङ, फ्याँकिएका प्लाष्टिक, चाउचाउ, विस्कुट, चक्लेटको खोलबाट घरेलु सामग्रीहरूको प्रयोग र उपयोग । | • स्थानीय अन्नबाली, फलफुल, तरकारी खेति गर्ने तरिका, त्यसमा लाग्ने प्रमुख रोगहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिका ।<br>• जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन ।<br>• अन्नबाली, फलफुल तरकारी उत्पादन गरि आर्थिक लाभ लिने क्रियामा सहभागी,<br>• पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, उपचार गर्ने सिप र उत्पादन गरि जीविकोपार्जनमा सहजता बनाउने सिप,<br>• प्राकृतिक संरक्षणका लागि बृक्षारोपण, सालको पात, भोर्लाको पात केराको पात वा अन्य बनस्पतिको पातबाट दुना, टपरी, बोहोती आदि सामग्री निर्माणको सिप ।<br>• माटो, ढुंगा, बाँस, काठ, खर, काँस आदिबाट विभिन्न उपयोगी तथा सजावटका सामग्रीहरूको निर्माण र प्रयोग। |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| ३.तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • तीनपाटनको नाम र अवस्थिति, तीनपाटन गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय सम्पदाको नाम र स्थान, | • तीनपाटनको सामान्य परिचय र महत्त्व,<br>• तीनपाटन गा.पा.भित्र अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको नाम र यसको महत्त्व,<br>• गा.पा.भित्रका मठमन्दिर, गुम्बा, मस्जिद, चर्च तथा अन्य सम्पदाहरूको नाम र स्थान । | • तीनपाटनमा अवस्थित विभिन्न सम्पदाहरुको परिचय, पर्यटकीय महत्त्व,<br>• तीनपाटन गा.पा.मा अवस्थित अन्य ऐतिहासिक धार्मिक, एवम् सांस्कृतिक सम्पदाको नाम र स्थान<br>• तीनपाटन गा.पा.भित्रको सम्भावित पर्यटन स्थलहरूको सामान्य परिचय<br>• सम्पदाहरूको संरक्षणका उपायहरू । | • तीनपाटनमा अवस्थित विभिन्न सम्पदाहरुको ऐतिहासिक एवम् पर्यटकीय महत्त्व र गौरव,<br>• तीनपाटनको विकासमा भएका प्रयासहरू,<br>• सिन्धुली जिल्लामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, एतिहासिक, प्राकृतिक तथा भौगोलिक सम्पदाहरूको सामान्य परिचय।<br>• पर्यटकीय स्थलहरूको पहिचान, विकास र प्रचार प्रसार । | • तीनपाटनमा अवस्थित विभिन्न सम्पदाहरुको विकास, प्रचार प्रसार र संरक्षणका प्रयासहरू<br>• जिल्लामा अवस्थित प्रमुख धार्मिक, ऐतिहासि, प्राकृतिक, सांस्कृतिक र पुरात्व सम्पदाहरूको परिचय, महत्व र संरक्षणका उपायहरू ।<br>• पर्यटनका लागि सम्भावित गन्तव्यहरूको पहिचान, प्रचार प्रसार र संरक्षणका उपायहरू ।<br>• प्रमुख मठमन्दिरहरू, गुम्बा, चर्च लगायतका सांस्कृतिक सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | • आफ्नो वरपरका जातजाति र भाषाभाषिको नाम,<br>• गा.पा.भित्र रहेका प्रमुख जातिहरू (तमाङ, हायू, मगर र अन्य)<br>• गा.पा.भित्र बोलिने प्रमुख भाषाहरूका नाम,<br>• आफ्नो वरपर मनाइने मूख्य चाडपर्बको नाम | • आफू र आफ्ना वरपरका जाताजातिहरू,<br>• गा.पा.भित्र बोलिने भाषाहरूको बारेमा सामान्य जानकारी ।<br>• तीनपाटन गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरूको नाम र गरिने मुख्य क्रियाकलाप । | • गा.पा.का प्रमुख जातजातिहरू, भाषा भाषिहरू<br>• प्रमुख जातिगत चाडपर्वहरूको परिचय र पहिचान,<br>• गा.पा.भित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरूको बताउन, | • सिन्धुली जिल्लाभित्रका जातजातिहरूको परिचय र पहिचान, लवाइ, खुवाइ, जातिगत विशेषता, उनीहरूले बोल्ने भाषा, जातिगतरुपमा स्थापित प्रमुख चाडपर्वहरू, ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरू, चाडपर्वहरूको विशेषता,<br>• जातिगत संस्कार, सभ्यता र प्रमुख चालचलनहरू ।<br>• जातिगत गीत, सँगीत, बाजा । | • सिन्धुली जिल्लाभित्रका विभिन्न जातजातिहरू, जनजाति, सीमान्तकृत, लोपान्मुख, अल्पसंख्यक, दलित तथा पिछडिएको बर्गको परिचय ।<br>• जातिगत चालचलन र धर्म, संस्कारको परिचय, महत्त्व र संरक्षणका उपायहरू,<br>• जातिगत भाषा, संस्कृतिको परिचय र संरक्षणका उपायहरू ।<br>• जातिगत चाडपर्व, बाजा, गीत, मेलापर्व, जात्राको जानकारी लिई महत्त्व बताउन । |
| ५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • आफ्नो स्थानीय तहको नाम र वडा नम्बर, त्यहाँ पाइने प्रमुख स्रोत साधनको नाम ।<br>• स्थानीय प्रमुख विशिष्ट व्यक्तित्वहरूको नाम | • आफ्नो स्थानीय तह र वडाको नाम र स्थानीय तह (गा.पा.) को प्रमुख, उपप्रमुख र आफ्नो वडा अध्यक्षको नाम,<br>• आफ्नो वरपर उपलब्ध प्रमुख स्रोतहरूको पहिचान ।<br>• स्थानीय प्रमुख विशिष्ट व्यक्तित्वहरूको परिचय र योगदान । | • सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको नाम<br>• गा.पा.ले गर्ने प्रमुख कार्यहरू, तीनपाटन गा.पा.को प्रमुख स्रोतहरूको उपयोग,<br>• गा.पा.भित्रका विशिष्ट व्यक्तित्वहरूको सामान्य परिचय,<br>• सामाजिक तथा राजनीतिक परिवर्तनमा आफ्नो जीवन उत्सर्ग गर्ने स्थानीय तहका सहिदहरूको परिचय | • सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको सामान्य परिचय, स्रोत साधनको उपयोग फाइदाहरू ।<br>• सिन्धुली जिल्लाका ऐतिहासिक, शैक्षिक, राजनितिक, साहित्यिक एवम् समाजसेवी ऐतिहासिक (विशिष्ट) व्यक्तित्वहरूको चिनारी ।<br>• सिन्धुली जिल्लाका प्रमुख सहिदहरूको परिचय । | • सिन्धुली जिल्लाका स्थानीय तहहरूमा उपलब्ध प्रमुख साधन र स्रोत ।<br>• जिल्ला समन्वय समिति र स्थानीय तहको संरचना, काम, कर्तव्य र अधिकार ।<br>• जिल्लाका ऐतिहासिक, शैक्षिक, राजनितिक, साहित्यिक, एवम् समाजसेवी ऐतिहासिक व्यक्तित्वहरूको चिनारी र योगदान ।<br>• सिन्धुली जिल्लाका प्रमुख सहिदहरूको परिचय र उहाँहरूको योगदान । |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. पोषण, खानपिन तथा सरसफाइ | • घरमा निर्मित खाना र खाजाको नाम ।<br>• व्यक्तिगत सरसफाइ । | • घरमा निर्मित तथा स्थानीय अन्नबाली, फलफुल र तरकारीबाट घरमानै निर्मित खाना, खाजा र त्यसको उपयोग ।<br>• व्यक्तिगत सरसफाइ तथा आफ्नो कोठा र घरको सरसफाइ। | • जङ्कफुडको परिचय र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव,<br>• स्थानीयरुपमा निर्माण खाना, खाजा र पेय पदार्थ र यसको फाइदा ।<br>• आफू, आफ्नो घर र वरपरको सरसफाइ, विद्यालय, भान्सा र शौचालयको सरसफाइ । | • बजारमा उपलब्ध विभिन्न जङ्कफुडको प्रयोगले हुने शारिरीक र मानसिक असर ।<br>• स्थानीय अन्नवाली, फलफुल, तरकारी तथा दुग्ध/दुधजन्य पदार्थबाट, खाजा, खाना र पेय पदार्थ निर्माण गर्ने तरिका, त्यसको फाइदा र महत्त्व ।<br>• घर र विद्यालयको फोहोरमैला व्यवस्थापन । | • जङ्कफुड परिचय र यसको असर ।<br>• घरमा निर्मित स्वस्थ खाना, खाजा र पेय पदार्थको फाइदा, महत्व र यसको सकारात्मक पक्ष ।<br>• स्थानीय स्तरमा घरेलु समानबाट दिवा खाजा बनाउने तरिका, त्यसको उपयोग र फाइदा ।<br>• भान्सा, घर, विद्यालबाट निष्काशित फोहोर मैलाको व्यवस्थापन ।<br>• वातावरणीय सरसफाइ तथा फोहोर मैलाको व्यवस्थापन । |
| ७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • घर तथा विद्यालय वरपर घटेका प्राकृतिक विपदहरू ।<br>• सुरक्षित हुने उपायहरू अबलम्बन गर्न, | • आफु वसेको क्षेत्रमा हुने प्राकृतिक विपदहरू घट्न सक्ने समयको आँकलन ।<br>• सुरक्षित हुने उपायहरूको खोजी | • आफु बसेको क्षेत्रमा हुने प्राकृतिक विपदका कारण र यसवाट हुने धनजनको क्षतिबारे परिचित, सुरक्षित रहने उपायहरूको अवलम्बन । | • विपदहरू (झाडा पखाला, बाढिपहिरो) को कारण , असर र यसबाट बच्ने उपायहरू, सुरक्षित रहने उपायहरूको अवलम्बन ।<br>• सुरक्षित वासस्थान (घर र विद्यालय) को आवश्यकता र महत्त्व ।<br>• सुरक्षित विद्यालयका फाइदाहरू ।<br>• सुरक्षित विद्यालयको परिचय । | • प्राकृतिक विपदहरू: भुकम्प, आधिहुरी, आगलागि, चट्याङ आदि विपत न्यूनीकरणका उपायहरू जान्न र यसबाट बच्ने उपायहरू ।<br>• विपद व्यवस्थापन न्यूनिकरण गर्ने उपायहरूको अवलम्बन ।<br>• सुरक्षित विद्यालयको आवश्यकता र महत्त्व ।<br>• विद्‍यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू र सुरक्षित बनाउने तरिका ।<br>• विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू आदि । |

## ८. विषय क्षेत्र विस्तृतिकरण

यहाँ कक्षागतरुपमा विषयवस्तुको विस्तृतिकरण तालिका प्रस्तुत गरिएको छ । जसअन्तर्गत विषय क्षेत्र, सिकाइ उपलब्धि, सम्भावित सिकाइ सहजीकरण प्रक्रिया, सम्भावित मूल्याङ्कन प्रक्रिया र अनुमानित कार्यघण्टा समावेश गरिएको छ ।

### कक्षा १

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • तीनपाटन को वातावरण | • तीनपाटन क्षेत्रका वनस्पति, जीवजन्तुको नाम ।<br>• स्थानीय नदी, खोला, पोखरी, बनजंगल, जमिनको अवस्था, | • आफ्ना वरपरका बनस्पति तथा जीवजन्तु देखाएर बनस्पति र जीवजन्तुको नामबताउन लगाउने, चित्र तथा तस्वीरको प्रयोग गरेर पनि यो काम गर्न सकिन्छ । वास्तविक रुपमा बनजंगल, जमीनको अवस्थाको पहिचान गर्न सक्षम बनाउन सकिन्छ । यसमा पनि चित्र, तस्वीर, चार्टको प्रयोग गर्न सकिन्छ ।<br>• चित्र तथा तस्वीरको प्रयोग गरेर पनि यो काम गर्न सकिन्छ । वास्तविक रुपमा बनजंगल, जमीनको अवस्थाको पहिचान गर्न सक्षम बनाउन सकिन्छ । यसमा पनि चित्र, तस्वीर, चार्टको प्रयोग गर्न सकिन्छ । | • आफ्ना वरपरका बनस्पति तथा जीवनजन्तुको नाम सोध्ने । प्रश्नोत्तर र छलफल गर्ने ।<br>• आफ्ना वरपरका बनजंगल, खोला, नदी, पोखरी, जमीनसँग साक्षात्कार गर्दै यसवारे प्रश्नोत्तर गर्ने । नाम भन्न लगउने ।<br>• बहुबैकल्पिक प्रश्न, सत्य/असत्य प्रश्नको जवाफ माग्ने । वास्तविक बस्तु, चित्र, भिडियो आदि देखाएर प्रश्नोत्तर गर्ने । | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • मूल्यमान्यता<br>• सकारात्मक व्यवहार | • साथी समूहसँग .घुलमिल, शिक्षक, बुवाआमा र आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन, . अपाङ्गता भएका र अशक्तहरूसँग सहयोग आदानप्रदान गर्न । | • सम्मान र सम्बोधन तथा अपाङ्गता र अशक्तहरूसँग सहयोग आदानप्रदान गर्न बालबालिकाहरूलाई सोही अनुरुपको क्रियाकलाप गराउन अभिनय, भूमिका निर्वाह, नाटकीकरण विधिको अवलम्बन गर्दै क्रियाकलापमा सहभागी गराउन सकिन्छ । भिडियो प्रदर्शन तथा कथाकथन विधि मार्फत पनि यस्ता गुणहरू सिकाउन<br>सकिन्छ । | • साथीसमूहसँग गरेका व्यवहारहरूको अवलोकन गर्ने ।<br>• सम्मान, सम्बोधन र गफगाफमा सिकारुले प्रयोग गरेका भाषा तथा सम्बोधनको आधारमा मूल्याङ्कन गर्ने ।<br>• व्यवहार अवलोकन गर्ने र अपेक्षित व्यवहार प्राप्त भए/नभएको एकिन गरि मूल्याङ्कन गर्ने । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. तीनपाटनको स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | • स्थानीय पेसा, व्यवसाय | • स्थानीय प्रमुख पेसा र बालीहरूको नाम, स्थानीय फलफुलको नाम स्थानीय तरकारीको नाम, घरेलु पशुपन्छीको नाम, | • स्थानीय प्रमुख पेसा एवम् व्यवसाय लेखिएका चार्ट, वास्तविक पेसा तथा बालीहरुको अवलोकन,<br>• तालिकाको प्रयोग गरेर, सिकारुका परिवारका सदस्यहरू के कस्ता पेसा व्यवसायमा लागेका छन् भन्ने बारेमा प्रश्नोत्तर गरेर पनि सिकाउन सकिन्छ । स्थानीय स्तरमा पाइने फलफुल, तरकारी, घरेलु पशुपन्छीहरू प्रत्यक्ष देखाएर, सिकारुको अनुभव र बुझाइ भन्न लगाएर, चित्र, तस्वीर, भिडियो देखाएर पनि स्पष्ट पार्न सकिन्छ । | • आफ्नो घरका अभिभावकले गर्ने पेसा तथा छिमेकीहरूको पेसाबारे प्रश्नोत्तर गर्ने ।<br>• आफ्नो घर वा वरपर भएका अन्न बाली फलफुल देखाएर नाम भन्न लगाउने ।<br>• आफ्ना घरमा र वरपर के कस्ता घरेलु पशुपन्छी छन् भनेर वास्तविक पशुपन्छी वा चित्र, भिडियो देखाएर नाम भन्न लगाउने । | १४ |
| | • स्थानीय सिप र प्रविधि | • स्थानीय प्रविधिहरू ढिकी, जातो, कोल, घट्ट, आरन, हलो, मोही पार्ने प्रविधि, माछा मार्ने जाल आदिको पहिचान | • स्थानीय प्रविधिबारे सुसूचित गराउन स्थानीय तहमा उपलब्ध हुने प्रविधिहरूको बारेमा वास्तविक वस्तु देखाएर, चित्र तथा श्रब्य-दृश्य सामग्री, फिलिम फुटेज देखाएर या वरपर र आफ्नो गाउँघरमा प्रयोग भइरहेका स्थानीय प्रविधिहरू देखाएर पनि पहिचान गर्न सिकारुलाई सक्षम बनाउन सकिन्छ । | • आफ्ना घर वा वरपर प्रयोगमा आइरहेका स्थानीय प्रविधिहरू प्रत्यक्ष देखाएर या चित्र प्रस्तुत गरेर तिनीहरूको नाम भन्न लगाउने ।<br>• विभिन्न स्थानीय प्रविधिहरू देखाएर यी कुन कुन स्थानीय प्रविधि हुन भनेर प्रश्नोत्तर गर्ने ।<br>• छलफल गर्ने । | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • स्थानीय सम्पदा | • तीनपाटनको नाम र अवस्थिति,<br>• आफ्नो वरपर रहेका ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय सम्पदाको नाम र स्थान, | • तीनपाटनको नक्शा, तस्विर देखाएर या भिडियो या तस्वीर देखाएर, छलफल र प्रश्नोत्तर गरेर तीनपाटनको नाम र अवस्थितिको धारणा दिन सकिन्छ ।<br>• तीनपाटन गा.पा.अन्तर्गत सिकारुको वरपर रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरूको नाम र स्थान लेखिएका चार्ट, मेटाकार्ड या चित्र तथा तस्वीर देखाएर सम्पदाको नाम र स्थानबारे सिकारुलाई प्रस्ट्याउन सकिन्छ ।<br>• प्रश्नोत्तर एवम् सिकारुको अनुभव साटासाट गरेर पनि स्थानीय सम्पदाको नाम र अवस्थित स्थानबारे जानकारी दिलाउन सकिन्छ । | • तीनपाटनको नक्शा, तस्विर या भिडियो देखाएर यसको नाम भन्न लगाउने ।<br>• आफ्ना वरपर अवस्थित मठमन्दिर, गुम्बा, चर्च लगायतका सम्पदाहरूको चित्रात्मक प्रस्तुत गर्दै नाम र स्थान सोध्ने ।<br>• सम्भव भएसम्म आफ्ना वरपर रहेका सम्पदाहरुको भ्रमण गराइ सो सम्बन्धमा सोधपुछ तथा प्रश्नोत्तर गर्ने । | ३० |
| ४. तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | • स्थानीय जातजाति<br>• स्थानीय भाषा | • तीनपाटन क्षेत्रको वरपरका जातजाति र भाषाभाषिको नाम,<br>• तीनपाटनमा रहेका प्रमुख जातिहरू (तामाङ, हायू, मगर र अन्य)<br>• तीनपाटन वरपर बोलिने प्रमुख भाषाहरूको नाम, | • सिकारुका साथी सँगी कुन कुन जात, जातिका छन् ? के कस्ता भाषा बोल्छन् भनेर सिकारुबीच छलफल तथा प्रश्नोत्तर गरेर स्थानीय जातजाति एवम् भाषाभाषिको बारेमा जानकारी दिन सकिन्छ । (तीनपाटनमा मगर, तमाङ, ब्राम्हण, क्षेत्री, नेवार, ठकुरी, दमाइ, कामी, सार्की आदि जातजातिहरुको सघन उपस्थिति रहेकोले जातीय विभेद नहुने गरि विविध संस्कृति र भाषाभाषी हाम्रा साझा सम्पत्ति हुन भन्ने आसयले प्रस्ट पार्ने)<br>• आफ्ना साथीहरूमध्येका या अन्य जातजातिहरूको उदाहरण दिदै पालिकामा बोलिने जातिगत भाषाहरू (मगर, तमाङ, नेवार भाषा) मेटाकार्डमा लेख्न लगाएर, शिक्षकले बताइदिएर पनि सिकाउन सम्भव हुन्छ । | • सिकारु स्वयमको जातजाति र भाषा के हो भनेर प्रश्न गर्ने ।<br>• आफ्ना वरपर रहेका जातजाति सम्बन्धी प्रश्नोत्तर गर्ने ।<br>• आफ्ना वरपर बोलिने भाषा सम्बन्धमा प्रश्न सोध्ने , जस्तैः तिमी कुन भाषा बोल्छौ ? तिम्रा (नाम सहित) साथीहरूले कुन भाषा बोल्छन् ? | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्थानीय चाडपर्वहरू | • स्थानीय स्तरमा मनाइने मूख्य चाडपर्बको नाम | • स्थानीय स्तरमा के कस्ता चाडपर्वहरू मनाइन्छ ? विद्यार्थीहरू मध्ये कसकसले कस्ता कस्ता चाडपर्वहरू मनाउछन् ? भनेर प्रश्नोत्तर एवम् छलफल गरेर, बोर्डमा लेखिदिएर, सिकारुलाई भन्न र लेख्न लगाएर पनि सहजीकरण गर्न सकिन्छ । स्थानीय रुपमा मानिदै आएको चाडपर्वहरूको सूची प्रस्तुत गर्न सकिन्छ । चाडपर्वहरू मनाइएको दृष्य तथा श्रब्य/दृष्य सामग्री प्रस्तुत गर्ने ।<br>• तामाङको ल्होसार, मगरको संक्रान्ति र पूर्णीमा, नेवारको म्हः पूजा लगायत अन्य चाडपर्वहरुबारे छलफल गरेर सो सम्बन्धमा स्पष्ट पार्ने, | • तिम्रो (नाम सहित) साथी कुन चाड मान्छ ?<br>• तिमीलाई मनपर्ने चाडपर्व कुन हो ?<br>• यी र यस्तै प्रश्नहरू बनाएर प्रश्नोत्तर गर्ने, गराउने ।<br>• तिम्रो समुदाय, जातमा कुन चाडपर्व मनाइन्छ ?<br>• तिमीले मनाउने कुनै एक चाडको नाम भन र त्यो चाडमा के गरिन्छ बताउ ।<br>आदि । | १० |
| ५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • स्थानीय संरचना | • आफ्नो स्थानीय तहको नाम र वडा नम्बर, त्यहाँ पाइने प्रमुख स्रोत साधनको नाम । | • आफू बसेको गा.पा.तीनपाटन, आफ्नो वडा नम्बर र यहाँ पाइने स्रोतहरू जल, जमीन, जडीबुटीको बारेमा पनि प्रश्नोत्तर एवम् छलफल गर्न सकिन्छ । | • विद्यार्थी बसेको स्थानीय तह (गा.पा.) को नाम के हो ? तिमी कति वडामा बस्छौं ? तिम्रो वरपर के कस्ता साधन स्रोतहरू उपलब्ध छन् ? यी र यस्तै प्रश्नोत्तर गर्ने । | ८ |
| | • स्थानीय विशिष्ट व्यक्तित्व, सहिद | • स्थानीय प्रमुख विशिष्ट व्यक्तित्वहरूका नाम | • स्थानीय स्तरमा असल काम गरेका, समाजसेवामा लागेका, मान्यजन या कुनै विधामा विशेष योगदान दिएका विशिष्ट व्यक्ति स्वयम्लाई सिकारुसँग साक्षात्कार गर्न लगाएर या उनीहरूको नाम, काम बताइदिएर पनि स्थानीय विशिष्ट व्यक्तिबारे सिकारुलाई परिचित गर्न सम्भव रहन्छ । | • स्थानीय स्तरमा रहेका विशिष्ट व्यक्तित्वहरूसँग साक्षात्कार गराएर या चार्ट तालिकामा त्यस्ता ब्यक्तिहरूको नाम प्रस्तुत गर्दै प्रश्नोत्तर गर्ने । | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. पोषण, खानपिन तथा सरसफाइ | • पोषण<br>• खानपिन | • घरमा निर्मित खाना र खाजाको नाम । | • दाल, भात, तरकारी, जाउलो, खीर, हलुवा, रोटी, सातु, ढिडो, मकै, भटमास या यी र यस्तै घरमा निर्मित खाना र खाजाको नाम सिकारुले के खाएका छन् ? प्रश्नोत्तर गरेर, विद्यालयमा बनेको दिवा खाजा देखाएर पनि घरमा निर्मित विभिन्न खाना र खाजाको नाम भन्न चिन्न लगाउन सजिलो हुन्छ । | • तिमी घरमा के के खान्छौ ? घरमा नै बनाइने खाजा/खाना के के हुन् ? आज तिमीले के खाएर आयौ ? खाजा के खान्छौ ? त्यो कसरी बनायौ/बनाएको थियो ? आदि प्रश्नहरू सोधेर घरमा निर्मित खाना र खाजाको नाम बताउन सके सकेनन् भनि यकिन गर्ने । | १५ |
| | • सरसफाइ | • व्यक्तिगत सरसफाइ । | • हात, धुने, मुख धुने, व्यक्तिगत सरसफाइ गर्ने तरिका अभ्यासात्मक गतिविधि गर्न लगाएर सिकाउन सकिन्छ । | • सिकारुलाई हात, मुख धुन लगाई उनीहरूको क्रियाकलाप अवलोकन गर्ने ।<br>• प्रश्नोत्तर गराउने ।<br>• उनीहरूको व्यवहार अवलोकन गरि सरसफाइको कुन तरिका ठीक हो भनेर पून: सिकारुलाई नै प्रश्न गर्ने । | १० |
| ७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • विपद | • घर तथा विद्यालय वरपर घटेका विपदहरू । | • प्रत्यक्ष अवलोकन, कुराकानी, चित्रात्मक प्रस्तुतिबाट बाढी, पहिरो, रोगव्याधी, आगलागी, चट्याङ लगायतका विपदहरूबारे सिकारुलाई सुसूचित गर्न आवश्यक हुन्छ । | • विपद सम्बन्धी गतिविधिका भिडियो या चित्रात्मक प्रस्तुति गरेर विपदका नामहरू सोध्ने । बाढी, पहिरो तथा रोगव्याधिका वास्तविक घट्ना प्रस्तुत गरेर ती के कस्ता विपदहरू हुन् ? भनेर प्रश्नोत्तर गर्ने । | ८ |
| | • सुरक्षित हुने उपायहरू | • सुरक्षित हुने उपायहरू | • विपदबाट बच्न उनीहरूलाई कथाकथन, अनुभव साटासाट, प्रश्नोत्तर जस्ता विधिहरूलाई उपयोगमा ल्याउँदा हुन्छ । | • विभिन्न बिपदसम्बन्धी अपनाउन सकिने सुरक्षात्मक उपायहरूको चित्रात्मक प्रस्तुति गर्दै के कसरी बच्न सकिन्छ भनेर प्रश्नोत्तर गर्ने । | ७ |

**कक्षा : २**

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • तीनपाटनको वातावरण | • आफ्नो वरपरको वातावरण बुझ्न तथा वनस्पति र जीवजन्तु चिन्न,<br>• स्थानीय नदी, खोला, पोखरी, वनजंगल, जमिन, कान्ला, भीर, मैदान, नाम र पहिचान गर्न, | • वरपर उपलब्ध वातावरणको अवस्था, स्वरुप, जीवजन्तुसँग प्रत्यक्ष साक्षात्कार गराएर सिकारुमा जीवजन्तु तथा वातावरणका विविध आयामको बारेमा सुसूचित गराउन सकिन्छ ।<br>• शैक्षिक सामग्रीको रुपमा चित्र, तस्विर, भिडियो, वास्तविक बस्तु (Real Object) देखाएर पनि सिकाउन सकिन्छ । पोखरी, नदी, खोला, कान्ला, जमीनको स्वरुप अन्तर्गत मैदान, भीर आदिको भ्रमण अवलोकन गराएर पनि यी कुराहरू सिकाउन सहजीकरण गर्न सम्भव हुन्छ । | • सिकारुको वरपरको वातावरण जस्तै नदी, खोला, पोखरी जमीनको स्वरुप लगायतका वातावरणीय पक्षहरू सिकारुलाई प्रत्यक्ष देखाएर या चित्र, फिलिम फुटेज, भिडियो या चित्र, तस्विर देखाउदै स्थानीय वातावरणमा सम्बन्धमा प्रश्नोत्तर गर्ने, के के हुन् ? भनेर सोध्ने र चिने/नचिनेको यकिन गर्ने ।<br>• जिवजन्तु र वातावरणको सन्दर्भमा प्रश्नोत्तर विधि, सोधपुछ विधि प्रयोग गर्ने । | १३ |
| | • मूल्यमान्यता र सकारात्मक व्यवहार | • आफ्ना साथीसमूहसँग सहयोग आदान प्रदान गर्न,<br>• कक्षाकोठामा अपाङ्गताहरूको पहिचान गर्न, मेलमिलाप र गुरु/परिवारका अग्रजहरूको सम्मान गर्न,<br>• सानालाई माया र सहयोग गर्न । | • आफ्ना साथीभाइसँग मिलेर बस्ने वातावरण कक्षाकोठामा निर्माण गर्न सकिन्छ । सहयोग, मेलमिलाप, सम्मान गर्न, माया सद्भाव तथा असल परम्पराहरू आदानप्रदान गर्न अभ्यासात्मक क्रियाकलापहरूमा विद्यार्थीहरूलाई सहभागी गराउन सकिन्छ । असल परम्पराका विभिन्न नमुनाहरूको फिलिम फुटेज तथा भिडियो र वास्तविक अवस्था अवलोकन, प्रश्नोत्तर, अभिनय, नाटकीकरण जस्ता विधिहरू उपयोगमा ल्याउन सकिन्छ । | • सिकारुले आफ्ना साथीसमूहको गरेको व्यवहार, अपाङ्गअपाङ्गता र अन्य अग्रजहरूसँगको व्यवहार अवलोकन गरि मूल्याङ्कन गर्ने ।<br>• मूल्यमान्यता र सकारात्मक व्यवहारका नमुना या लाइभ देखाएर प्रश्नोत्तर गर्ने र व्यवहार अवलोकन पनि गर्ने र अपेक्षित उद्देश्य प्राप्त भए/ नभएको यकिन गर्ने । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. तिनपाटनको स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | • स्थानीय पेसा, व्यवसाय | • स्थानीय पेसा, व्यवसायको नाम बताउन, प्रमुख बाली, फलफुल तरकारी, पशुपन्छी र जडिबुटिको नाम र पहिचान, | • आफ्ना साथीहरूको अभिभावकहरूले गर्ने काम, पेसा, व्यवसाय जस्तैः कृषि, पशुपन्छी पालन, तरकारी एवम् फलफुल खेती, व्यापार, निर्माण, जागिर, शिक्षण आदिको विवरण सिकारु स्वयम्लाई तयार गर्न लगाई छलफल गराउने, प्रश्नोत्तर, कुराकानी आदि माध्यमले स्थानीय पेसाको तथा व्यवसायको बारेमा प्रस्ट्याउन सकिन्छ । फलफुल, तरकारी, जडिबुटी, धान, मकै, कोदो, फापर लगायत स्थानीय अन्नवालीको पहिचान गराउन वास्तविक वस्तु तथा क्षेत्र भ्रमण र अवलोकन भ्रमण गराउन सकिन्छ । | • स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि सम्बन्धमा विषय शीर्षक अनुसार मौखिक प्रश्न सोध्ने । छोटो उत्तर आउने खालको लिखित प्रश्न पनि सोध्न सकिन्छ । जस्तैः तिम्रो बुवा/के गर्नु हुन्छ ? तिम्रो घरमा के के अन्नबाली छन् ? तिमीले के कस्ता घरपालुवा जनावरहरू देखेको छौ ?,<br>• विभिन्न अन्नबाली, जीवजन्तु, बनस्पति, जडिबुटी प्रत्यक्ष देखाएर चिन्न लगाउने या चित्रात्मक सामग्रीबाट यो के हो ? भन्ने जस्ता प्रश्नहरू सोधेर पहिचान गरे/नगरेको यकिन गर्ने । | १४ |
| | • स्थानीय सिप र प्रविधि | • माटो, बाँस, पराल, खर, काँस तथा काठबाट स्थानीय तहमा निर्मित सामग्रीहरू नाम र काम । | • स्थानीय सामग्रीबाट निर्मित विद्यार्थीहरूको घरमा के कस्ता सामग्रीहरू छन् ? भनेर टिपोट गर्ने, सिकारुबीच आआफ्ना घरमा प्रयोगमा आएका स्थानीय सामग्रीहरू भन्न लगाउने, सामग्री देखाउने । ती सामग्रीहरू के के मा उपयोग गरिन्छ भन्ने सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गराउने । | • स्थानीय सामग्रीबाट तिमीले के कस्ता सामग्री बनेको देखेको छौ ? तिम्रो घरमा पिरा, चकटी, गुन्द्री, नाम्लो, दाम्लो, डोको, नाङ्लो के के बाट बनेको होला ? (एक, एक गरि यी र यस्तै प्रश्नहरू सोध्ने ) यी सामग्रीको नाम र काम सम्बन्धमा सामुहिक या व्यक्तिगत प्रश्नोत्तर गर्ने । | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • स्थानीय सम्पदा | • तीनपाटनमा अवस्थित विभिन्न सम्पदाहरुको सामान्य परिचय र महत्व,<br>• तीनपाटन गा.पा.मा अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको नाम र यसको महत्व,<br>• गा.पा.भित्रका मठमन्दिर, गुम्बा, मस्जिद, चर्च तथा अन्य सम्पदाहरूको नाम र स्थान । | • तीनपाटनमा अवस्थित विभिन्न सम्पदाहरु महत्वपूर्ण ऐतिहासिक एवम् पर्यटकीय स्थल हो भन्ने कुरा भ्रमण अवलोकन, भिडियो या फिलिम, वृत्त चित्र, फुटेजद्धारा स्पष्ट पारिदिने ।<br>• तीनपाटन गा.पा.मा अवस्थित अन्य प्रमुख सम्पदाहरूको चित्रात्मक प्रस्तुति तथा नाम चार्ट तयार गरी सम्पदाहरूको नाम र यसको अवस्थितिबारे सिकारुलाई प्रस्ट्याइदिने । | • तीनपाटनमा अवस्थिति विभिन्न सम्पदाहरुको तस्वीर वा भिडियो क्लिप्स वा सम्भव भए सम्बन्धित स्थानमा नै गएर प्रत्यक्ष अवलोकन गर्न लगाइ यसको परिचय र महत्त्व सम्बन्धमा एक शब्द वा वाक्यमा उत्तर आउने स-साना प्रश्न (मौखिक या लिखित) सोध्ने ।<br>• प्रश्नोत्तर, सोधपुछ, गा.पा.मा भएका ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरू लेखेर जोडा मिलाउन लगाउने, सम्पदाहरूको चित्र देखाइ चिन्न लगाउने वा यी र यस्तै अन्य मूल्याङ्कन विधि प्रयोग गर्ने । | ३० |
| ४.तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | • तीनपाटनको स्थानीय जातजाति, भाषा | • आफू र आफ्ना वरपरका जातजातिहरू<br>• गा.पा.मा बोलिने भाषाहरूको बारेमा सामान्य जानकारी । | • बाहुन, क्षेत्री, तामाङ, मगर, नेवार, हायू, दलित लगायत स्थानीय स्तरमा अस्तित्वमा रहेका विभिन्न जातजातिहरू तथा उनीहरूले बोल्ने भाषा सम्बन्धमा कक्षाकोठामा छलफल तथा गफगाफ गर्न सकिन्छ । प्रश्नोत्तर, मेटाकार्डमा जातजाति तथा भाषाभाषिको नाम लेखी स्पष्ट पारिदिने । | • विभिन्न जातजातिको तालिका प्रस्तुत गर्दै आ–आफ्नो जाति भन्न लगाउने, पालिकामा बोलिने भाषाको नाम वा भाषा सम्बन्धमा प्रश्नोत्तर र सोधपुछ गर्ने । | १० |
| | • स्थानीय चाडपर्वहरू | • तीनपाटन गा.पा.मा मनाइने प्रमुख चाडपर्वहरूको नाम र गरिने क्रियाकलाप । | • स्थानीय रुपमा के कस्ता चाडपर्वहरू मनाइन्छ भन्ने बारेमा सिकारुबीच अनुभव साटासाट गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने, आवश्यकता अनुसार चाडपर्व लेखिएका चार्ट, तालिका, चित्र, तस्विर देखाएर प्रस्ट्याउने । | • तीनपाटन गा.पा.मा रहेका विभिन्न जातजाति वा समुदायगत मानिने प्रमुख चाडपर्वहरू र यसमा गरिने मुख्य क्रियाकलापहरूको बारेमा सोधपुछ तथा प्रश्नोत्तर गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • स्थानीय संरचना | • आफ्नो स्थानीय तह र वडाको नाम र स्थानीय तह (गा.पाको प्रमुख, उपप्रमुख वडा अध्यक्षको नाम, उपलब्ध प्रमुख स्रोतहरूको पहिचान । | • स्थानीय तह तीनपाटन गा.पा., प्रमुख तथा उपप्रमुखको नाम बताइदिने, सम्भव भए सिकारुलाई गा.पा.मा लगेर आफ्ना पालिका, वडाबारे जानकारी दिन सकिन्छ । गा.पा.मा भएका प्रमुख प्राकृतिक स्रोतहरू जस्तैः जल, जमीन, वनजङ्गल आदिको अवस्थाबारे प्रश्नोत्तर, छलफल, कुराकानी आदि विधिद्वारा प्रस्ट्याइदिने । | • प्रश्नोत्तर, छलफल तथा सोधपुछको माध्यमले स्थानीय संरचनासँग गाँसिएका विषयवस्तुको मूल्याङ्कन गर्ने । | ७ |
| | • स्थानीय विशिष्ट व्यक्तित्व<br>• सहिद | • स्थानीय प्रमुख विशिष्ट व्यक्तित्वहरूको परिचय र योगदान । सहिदको परिचय । | • समाजको लागि उल्लेख्य काम गर्ने विशिष्ट व्यक्तित्वहरूको चिनारी गराउन उपयुक्त शैक्षिक सामग्रीलाई उपयोगमा ल्याउन सकिन्छ ।<br>• देश, जनता, र समाजकोलागि आफ्नो जीवन त्याग गर्ने व्यक्तित्वहरू नै सहिद हुन भन्ने कुरा प्रस्ट्याउन उपयुक्त दृष्टान्तहरूको उपयोग गर्ने । | • विषयवस्तुसँग सम्बन्धित छोटा मौखिक या लिखित प्रश्नहरू सोध्ने । उनीहरूको योगदानबारे छोटा छोटा हरफहरू लेख्न लगाउने, चित्र या तस्विरबाट स्थानीय विशिष्ट व्यक्तिहरू पहिचान गर्न लगाउने र योगदानबारे भन्न लगाउने । | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. पोषण, खानपिन तथा सरसफाइ | • पोषण<br>• खानपिन | • घरमा निर्मित तथा स्थानीय अन्नबाली, फलफुल र तरकारीबाट घरमानै निर्मित खाना, खाजा र त्यसको उपयोग। | • घरमा निर्माण र प्रयोग गरिने पोषणयुक्त खानेकुराको नाम, यसको फाइदाबारेमा सिकारुबीच छलफल गर्न सकिन्छ । | • पोषण र खानपिन सम्बन्धी मौखिक प्रश्न सोध्ने व्यक्तिगत र र सामूहिक उत्तर माग्ने, ।<br>• बजारमा पाइने र घरमा निर्माण गरिने विभिन्न खानेकुराको देखाउदै उनीहरूलाई खानेकुरा चिन्न लगाउने ।<br>• घरमा निर्मित पोषणयुक्त खानेकुराहरूको फाइदाहरूका सम्बन्धमा प्रश्नोत्तर गर्ने । | १५ |
| | • सरसफाइ | • व्यक्तिगत सरसफाइ तथा आफ्नो कोठा र घरको सरसफाइ । | • व्यक्तिगत सरसफाइ के कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा अभ्यासात्मक क्रियाकलापहरू गर्न लगाउने ।<br>• चित्र, पोष्टर, स्लोगनको प्रयोग गर्न ।<br>• सरसफाइ गर्ने तरिका अन्तर्गत हात धुने, मुख धुने, शरीर, कपाल, कपडा आदिको सरसफाइ गर्ने तरिका तथा यसबाट हुने फाइदाबारे उपयुक्त विधिको प्रयोग गरि सिकारुको अवस्था र क्षमता ख्याल गरि सहजीकरण गर्ने । | • सिकारुको व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ सिकारुलाई गर्न लगाई व्यवहार अवलोकन गरि मूल्याङ्कन गर्ने ।<br>• सरसफाइ सम्बन्धमा विभिन्न छोटा प्रश्नहरू बनाएर सोध्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • विपद | • आफू बसेको क्षेत्रमा हुने विपदहरू घट्न सक्ने समयको आँकलन । | • अपरझट हुने प्राकृतिक तथा मानवजन्य विपदहरू उदाहरणसहित प्रस्तुत गर्दै सिकारुको अनुभवको आधारमा प्रश्नोत्तर गर्दै विषयवस्तु स्पष्ट पारिदिने ।<br>• बर्षा याममा पानी धेरै पर्ने हुँदा बाढीपहिरो जस्तो विपद आउन सक्ने सम्भावना रहन्छ । जाडो याममा सितलहर आउन सक्छ । धाम्मधुम्म परेको बेला हुरीवतास तथा चट्याङ पर्न सक्छ, भुकम्प जुनसुकै बेला आउन सक्छ भन्ने सन्दर्भमा पनि सिकारुलाई दृष्टान्त सहित प्रस्ट पारिदिने । यसो हुँदा सिकारुले विपद घट्न सक्ने समयको आंकलन गर्न सक्ने अवस्था सिर्जना हुन सक्छ । | • आफू बसेको स्थानमा हुने विपदहरू प्रत्यक्ष अनुभूत गराएर या चित्रात्मक प्रस्तुत गरेर विद्यार्थीसँग प्रश्नोत्तर गर्ने ।<br>• कस्तो समयमा कस्तो विपदको सम्भावना हुन्छ भन्ने विषयमा प्रश्नोत्तर वा सोधपुछ गर्ने ।<br>सिकारुको सट्टामा विद्यार्थी लेख्ने होकी ? | ८ |
| | • सुरक्षित हुने उपायहरू | • विपदबाट सुरक्षित हुने उपायहरू | • विपदबाट सुरक्षित उपायहरूबारे समुचित जानकारी गराउन दृष्टान्त र अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने । अन्य सान्दर्भिक क्रियाकलाप गरेर पनि विपदबाट सुरक्षित हुने उपायहरूको बारेमा सहजीकरण गर्न सकिन्छ । | • कुनै ठाउँमा आगलागी भयो भने तिमी के गर्छौ ? बाढी पहिरोबाट कसरी बच्न सकिन्छ ? यी र यस्ता प्रश्नहरूबाट सिकारुमा विपदबाट सुरक्षित हुने उपायहरूबारे यथोचित ज्ञान, सिप प्राप्त भयो भएन भनेर मूल्याङ्कन गर्ने । | ७ |

## कक्षा : ३

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • तीनपाटनको स्थानीय वातावरण | • स्वच्छ वातावरणको परिचय दिन र फाइदा पहिचान गर्न,<br>• स्थानीय नदी, खोला, पोखरी, बनजंगल, जमिन, कान्ला, भिर, मैदानको पहिचान गर्न, प्राकृतिक सम्पदाको महत्व भन्न, | • फोहोरमैला रहित, सरसफाइयुक्त परिवेश नै स्वच्छ वातावरण हो भन्ने कुरा उदाहरण तथा प्रश्नोत्तरका माध्यमले प्रस्ट्याउने ।<br>• स्वच्छ वातावरणबाट स्वस्थता प्राप्त गर्न सकिने लगायतका फाइदाहरू उदारहणद्वारा प्रस्ट पारि सिकारुलाई वातावरणीय सरसफाइमा सहभागी गराउने ।<br>• आफ्नो वरपरको वातावरण अन्तर्गतको भौगोलिक परिवेशको अध्ययन अवलोकन, प्रश्नोत्तर, छलफल गराइ सिकारुलाई स्पष्ट पारिदिने । | • कस्तो वातावरणलाई स्वच्छ वातावरण भनिन्छ ?,<br>• स्वच्छ वातावरण र प्रदुषित वातावरण के फरक छ ? जस्ता प्रश्नहरू सोध्ने ।<br>• स्वच्छ वातावरण र प्रदुषित वातावरण देखाएर तुलनात्मक प्रश्नहरू सोध्ने ।<br>• स्थानीय प्राकृतिक साधन स्रोत देखाउँदै तिनीहरूलाई पहिचान गर्न लगाउने र सम्पदाको महत्त्वबारे प्रश्नोत्तर गर्ने । | १४ |
| | • मूल्यमान्यता<br>• सकारात्मक व्यवहार | • शिक्षक तथा बाबुआमा र आफुभन्दा ठूलाले भनेको कार्य गर्न, असहायहरूलाई सहयोग गर्न, अपाङ्ग, दुःखी, बृद्ध-बृद्धा, अशक्तहरूलाई सम्मान र सहयोग गर्न,<br>• अपाङ्गमैत्री बन्न । | • सम्मान, सहयोग, सकारात्मक भावना विकास गराउन कथाकथन, उपयुक्त निर्देशन, व्यवहार अवलोकन, भूमिका निर्वाह, समालोचनात्मक चिन्तन जस्ता विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ । सरसहयोगको संस्कार विकास गराउन तथा अपाङ्गमैत्री बन्न उत्साहित गराउने क्रियाकलापहरू कक्षाकोठाभित्र वा कक्षाकोठा बाहिर गराउन सकिन्छ । अवस्था परिवेश अनुसार उद्देश्य प्राप्तिका लागि विभिन्न विधि तथा प्रविधिहरूलाई शिक्षकले प्रयोग गर्न सक्ने गुन्जाइस रहने छ । | • सिकारुको व्यवहार अवलोकन सामाजिक मूल्यमान्यता अनुशरण गरे/नगरेको पहिचान गर्ने ।<br>• सकारात्मक व्यवहार तथा सिकारुले प्राप्त गरेका सम्मान, सम्बोधन, अपाङ्गमैत्री व्यवहार आदि सम्बन्धमा सान्दर्भिक प्रश्नहरू सोध्ने । | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. तीनपाटनको स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि | • स्थानीय पेसा, व्यवसाय | • स्थानीय प्रमुख पेसा पहिचान गर्न, बाली, फलफुल तरकारी, पशुपन्छी र जडिबुटिहरूको नाम, पहिचान, आवश्यकता र महत्व । | • स्थानीय रुपमा रहेका विभिन्न पेसा, व्यवसायको बारेमा प्रश्नोत्तर एवम् दृष्टान्त दिई सहजीकरण गर्ने ।<br>• स्थानीय रुपमा उत्पाद गरिने अन्नबाली लगायतकाको नाम अनुभब साटासाट या प्रश्नोत्तरको माध्यमले स्पष्ट पार्ने ।<br>• यी पेसा, व्यवसायबाट हुने फाइदा तथा यसको महत्त्वको वारेमा छलफल चलाउने र स्पष्ट पारिदिने । | • विभिन्न स्थानीय स्तरमा अवलम्बन गरिएका या अन्य पेसाहरूको सूची देखाएर स्थानीय पेसाहरू पहिचान गर्न लगाउन सो सम्बन्धी प्रश्नोत्तर गर्ने ।<br>• वास्तविक बस्तु, भिडियो क्लिप्स या फिलिम फुटेज, वृत्तचित्र, चित्र, तस्विर देखाएर फलफुल, तरकारी, पशुपन्छी, जडिबुटीको नाम, पहिचान, आवश्यकता र महत्व सम्बन्धी प्रश्नोत्तर गर्ने । | १६ |
| | • स्थानीय सिप र प्रविधि | • स्थानीय स्रोतबाट स्थानीय प्रविधि र सिपको प्रयोगबाट निर्माण गर्नसकिने सामाग्रीहरूको संक्षिप्त परिचय ।<br>• यस्ता सामग्रीहरूको आवश्यकता र महत्त्व। | • स्थानीय स्रोतबाट स्थानीय तहमा स्थानीय सिप प्रयोग गरेर बनाइने र उपयोगमा ल्याइने सामग्रीहरू सम्भव भए प्रदर्शन गर्ने, यस्तो सम्भव नभएमा प्रश्नोत्तर, अनुभव साटासाट गर्न लगाएर सिकारुलाई प्रस्ट पारिदिने । स्थानीय प्रविधि र सिपको प्रयोगबाट स्थानीय स्तरमा निर्माण गरिने सामग्रीहरूको फाइदा र महत्त्वबारे पनि छलफल गरि प्रस्ट पार्न सकिन्छ । सम्भव भए स्थानीय प्रविधिको प्रयोग गरिस्थानीय सामग्रीहरू निर्माण गर्ने व्यक्तिलाई स्रोत शिक्षकको रुपमा कक्षाकोठामा आमन्त्रण गरेर सिकारुलाई प्रस्ट पार्न सकिन्छ । | • बहुबैकल्पिक प्रश्न, छोटाखालका मौखिक तथा लिखित प्रश्नोत्तर, सोधपुछ गर्ने ।<br>• सामग्री प्रस्तुत गरि पहिचान, आवश्यकता र महत्त्वसम्बन्धी प्रश्नहरू सोध्ने ।<br>• परियोजना कार्य तथा घट्नाबृत अभिलेख मार्फत प्रश्नोत्तर गर्ने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • तीनपाटनको सम्पदा | • तीनपाटनमा अवस्थिति सम्पदाहरुको परिचय, पर्यटकीय महत्त्व,<br>• तीनपाटन गा.पा.मा अवस्थित अन्य ऐतिहासिक धार्मिक, एवम सांस्कृतिक सम्पदाको नाम र स्थान<br>• गा.पा.भित्रका सम्भावित पर्यटन स्थलहरूको सामान्य परिचय<br>• सम्पदाहरूको संरक्षणका उपायहरू । | • तीनपाटनको परिचय दिई यहाँ अवस्थित सम्पदाहरुको ऐतिहासिक एवम् पर्यटकीय महत्त्वबारे प्रस्टपार्न आवश्यक सन्दर्भ पुस्तक या भिडियो वा वृत्त चित्रको प्रयोग गर्न सकिन्छ । तीनपाटन गा.पा.मा रहेका अन्य सम्पदाहरूको नाम, यसको अवस्थिति तथा यी सम्पदाहरूको महत्त्व लेखिएका चार्ट, तालिका, पोष्टरलाई उपयोग गर्न सकिन्छ ।<br>• सम्पदा संरक्षण गर्न विद्यार्थीले के कस्ता योगदान दिन सक्छन् ? संरक्षणका उपायहरू के कसरी अवलम्बन गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रश्नोत्तर, कुराकानी जस्ता विधिलाई उपयोगमा ल्याउन सकिन्छ । | • अवलोकन, परियोजना कार्य, प्रश्नोत्तर आदि माध्यमले एतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा सम्बन्धी प्रश्नोत्तर गर्ने र अपेक्षित सिकाइ उपलब्धि प्राप्त भए/नभएको यकिन गर्ने । | ३० |
| ४. तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | • तीनपाटनका जातजाति<br>• स्थानीय भाषा<br>• स्थानीय चाडपर्वहरू | • गा.पा.का प्रमुख जातजातिहरू, भाषा भाषिहरू (मगर, तामाङ, नेवार, ब्राम्हण, क्षेत्री, ठकुरी, माझी, दलित समुदाय आदि)<br>• प्रमुख जातिगत चाडपर्वहरूको परिचय र पहिचान,<br>• पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू बताउन, | • तीनपाटन गा.पा.का प्रमुख जातजातिहरू तथा भाषाभाषिहरूको सूची तयार गर्न लगाउने, छलफल गराउने, उपलब्ध जातजाति एवम् भाषाभाषि सम्बन्धी तथ्याङ्क र सूचनाको प्रयोग गर्दै सहजीकरण गरिदिने ।<br>• सोधपुछ, प्रश्नोत्तर, चित्र, तस्वीर, तालिका प्रस्तुत गर्दै जातिगत रुपमा मनाइने स्थानीय चाडपर्वहरू, ती चाडपर्वमा गरिने क्रियाकलापहरूबारे सिकारुलाई सहजीकरण गर्ने । जातिगत विविधताको बारेमा सिकारुवीच छलफल तथा अनुभव साटासाट गर्न सकिने छ । | • तीनपाटन गा.पा.का प्रमुख जातजातिहरू तथा भाषाभाषीहरू र उनीहरूले मनाउने चाडपर्वहरूबारे प्रश्नोत्तर, परियोजना कार्य तथा सोधपुछ जस्ता क्रियाकलापमहरू मूल्याङ्कन पद्धति सञ्चालन गर्ने र गराउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • स्थानीय संरचना | • सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको नाम<br>• स्थानीय तहले गर्ने प्रमुख कार्यहरू,<br>तीनपाटन गा.पा.को प्रमुख स्रोतहरूको उपयोग, | • चार्ट, तालिका, सिन्धुली जिल्लाको ९ ओटै स्थानीय तहको नाम भएको नामावली प्रदर्शन गरेर सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको नाम तथा स्थानीय तहले गर्ने प्रमुख कार्यहरूको सूची प्रस्तुत गर्दै सिकारुलाई प्रस्ट्याउन सकिन्छ ।<br>• तीनपाटन गा.पा.मा उपलब्ध प्राकृतिक तथा अन्य स्रोतसाधनहरूलाई के कसरी उपयोग गर्दा अपेक्षित उपलब्धि लिन सकिन्छ भन्ने सन्दर्भमा छलफल र अन्तरक्रिया तथा प्रस्तुति गर्न सकिन्छ । आवश्यक शैक्षिक सामग्रीहरूको उपयोग गर्दै यी विषयवस्तुको बारेमा सहजीकरण गर्न सम्भव हुन्छ । | • तालिका, चार्ट तथा स्थानीय तहको विवरण प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफल विधिकबाट स्थानीय संरचना सम्बन्धमा छोटा छोटा प्रश्नहरू बनाएर सोधुपछ गर्ने ।<br>• आवश्यकता अनुसार अन्य मूल्याङ्कनका साधनहरूको प्रयोग गरि विद्यार्थी मूल्याङ्कन गर्ने । | ८ |
| | • स्थानीय विशिष्ट व्यक्तित्व<br>• सहिद | • स्थानीय विशिष्ट व्यक्तिको योगदान, सामाजिक तथा राजनीतिक परिवर्तनमा आफ्नो जीवन बलिदान गर्ने स्थानीय तहका सहिदहरूको संक्षिप्त परिचय । | • देश, जनता र समाजको लागि विभिन्न क्षेत्रमा योगदान दिएका स्थानीय विशिष्ट व्यक्तिहरूको चिनारी दिन, छलफल एवम् अन्तरक्रिया गराउन सकिन्छ । सहिदले देखाएको बाटोमा हिड्न तथा विशिष्ट व्यक्तिको योगदान अनुसार गर्न सिकारुलाई उत्प्रेरित गर्ने विभिन्न सम्भावित उपायहरूको अवलम्बन गर्ने कुरामा शिक्षकले विशेष ध्यान दिन आवश्यक हुन्छ । | • परियोजना कार्य, प्रश्नोत्तर, सोधपुछ, अवलोकन, घट्नाबृत्त अभिलेख आदि माध्यमले स्थानीय विशिष्ट व्यक्तित्व र सहिद सम्बन्धी विषय क्षेत्रमा सिकाइ उपलब्धि प्राप्त भए या नभएको भनेर मूल्याङ्कन गर्ने । | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. पोषण, खानपिन तथा सरसफाइ | • पोषण र<br>• खानपिन | • जङ्कफुडको परिचय र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव,<br>• स्थानीयरुपमा निर्माण खाना, खाजा र पेय पदार्थ र यसको फाइदा। | • जङ्कफुड (पत्रु खाना) क्षणिक रुपमा स्वादिलो एवम् मिठो भएतापनि यसले हाम्रो शरीरमा दीर्घकालीन असर गर्छ भन्ने कुरा विभिन्न दृष्टान्त दिएर प्रस्ट्याउने । चाउचाउ, विस्कुट, चक्लेट, पाम, चुइगम, चटपटे जस्ता जङ्कफुडको नकारात्मक प्रभावबारे विभिन्न पत्रपत्रिका लेखिएका लेख तथा समाचारहरूलाई शिक्षण सिकाइमा उपयोग गर्न सकिन्छ । घरमा निर्मित स्वस्थ र सुलभ खानेकुराहरूबाट आवश्यक पोषण प्राप्त हुनुका साथसाथै यसले हाम्रो शारीरिक तथा मानसिक विकासमा सकारात्मक प्रभाव पार्ने कुराहरू उदाहरणद्वारा सिकारुलाई प्रस्ट्याउने । | • व्यवहार अवलोकन, जोडामिलाउने, बहुबैकल्पिक प्रश्न, ठिक/बेठिक, खालि ठाउँ भर्ने, जोडा मिलाउने प्रश्न आदिको माध्यमले पोषण र खानपिन सम्बन्धमा मूल्याङ्कन गर्ने । | १५ |
| | • सरसफाइ | • घर, विद्यालय, भान्सा र शौचालयको सरसफाइ। | • घर, विद्यालय, भान्सा तथा शौचालय लगायतको सरसफाइ गर्ने तौरतरिका र यसबाट हुने फाइदाहरुको बारेमा आवश्यकतानुसार अभ्यासात्मक क्रियाकलापहरु गर्ने, गराउने । अन्य चेतनामूलक पोष्टर तथा पम्लेटलाई पनि सिकाइ सहजीकरण प्रक्रियामा उपयोग गर्न सकिन्छ । | • व्यवहार अवलोकन तथा अभ्यासात्मक क्रियाकलापद्वारा अभिलेख, प्रश्नोत्तर विधिबाट मूल्याङ्न गर्ने ।<br>• अन्य सान्दर्भिक विधि अबलम्बन गरेर पनि सरसफाइ सम्बन्धी मूल्याङ्न गर्न सकिन्छ । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • विपद व्यवस्थापन<br>• सुरक्षित हुने उपायहरू | • आफु वसेको क्षेत्रमा हुने विपदका कारण र यसवाट हुने धनजनको क्षति, सुरक्षित रहने उपाय ।<br>• सुरक्षित विद्यालयको अवधारणा । | • सिकारु आफू बसेका क्षेत्रमा के कस्ता विपदहरू घट्छन् ? यसबाट के कस्ता भौतिक तथा मानवीय क्षति हुन्छ ? यसबाट के कसरी सुरक्षित बन्न सकिन्छ? भन्ने विषयमा सिकाइ सहजीकरण गर्दा प्रश्नोत्तर, सन्दर्भ सामग्री तथा पम्प्लेट र पोष्टरको उपयोग गर्न सकिन्छ ।<br>• विपद व्यवस्थापन तथा सुरक्षित विद्यालयको अवधारणा सम्बन्धी थप जानकारी दिन अन्य सन्दर्भ सामग्रीहरूलाई उपयोगमा ल्याउन सकिन्छ । | • विपद व्यवस्थापन र सुरक्षित हुने उपायहरू सम्बन्धमा विभिन्न छोटा मौखिक या लिखित प्रश्नोत्तर गर्न सकिन्छ । जस्तै : बाढि, पहिरो के कारणले हुन्छ ?<br>• भुकम्पबाट बच्ने उपायहरू के के हुन् ? कोरोना भाइरस साथै यस्ता अन्य नयाँ भाइरसबाट सुरक्षित हुन के गर्नुपर्छ । विपदबाट सुरक्षित हुन नसक्दा कस्ता समस्याहरू आउन सक्छन् ?<br>• व्यवहार अवलोकन या परियोजना कार्यमार्फत पनि सिकारुको मूल्याङ्कन गर्न सकिन्छ । | **१५** |

## कक्षा ४

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • तीनपाटनको वातावरण | • वातावरण संरक्षणका उपायहरू अबलम्बन गर्न, घरपालुवा जनावरहरू पहिचान गर्न, तीनपाटन गा.पा.का प्रमुख नदीहरू, खोला, ताल, पोखरी, बनजङ्गलसँग, परिचित हुन ।<br>• तीनपाटन गा.पा.को भौगोलिक बनावट, जमिनको अवस्थिति, प्रमुख फाँटहरूको परिचय र विशेषता बुझ्न,<br>• .फोहोरमैला व्यवस्थापन गर्न, | • वातावरण संरक्षणका लागि सिकारुलाई उत्प्रेरित गर्न स्वच्छ वातावरणबाट हामीलाई हुने फाइदा र प्रदुषित वातावरण हुने असरहरूको बारेमा सुसूचित गर्ने । यसका लागि सम्बाद, अवलोकन, क्षेत्रभ्रमण,चित्र,फिलिम फुटेज तथा सान्दर्भिक भिडियो प्रदर्शन तथा सूचना प्रविधिका सान्दर्भिक उपकरणहरूलाई प्रयोगमा ल्याउन सकिन्छ ।<br>• घरपालुवा जनावरहरू पहिचान गरि घरपालुवा जनावरहरूको हेरचाह तथा यसबाट लाभलिने उपायहरूको बारेमा प्रश्नोत्तर, अनुभूति साटासाट गर्न सकिन्छ । जमिन, बनजंगल, फाँट, खोला, नदी तथा भौगोलिक अवस्थाबारे विभिन्न दृष्टान्त सान्दर्भिक विषयवस्तुको प्रस्तुतिकरण, छलफल जस्ता सिकाइ सहजीकरणका उपायहरू अपनाउने । | • स्थानीय वातावरण र यससँग सम्बन्धित सिकाइ उपलब्धिको मूल्याङ्कन गर्दा छोटा मौखिक या लिखित प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षाकार्य मूल्याङ्कन, परियोजना कार्य वा यी र यस्तै अन्य सान्दर्भिक मूल्याङ्कन पद्धति अबलम्बन गर्न सकिन्छ । सिकारुमा बुँदागत प्रस्तुति गर्न लगाएर सोको आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ । | १३ |
| | • मूल्यमान्यता<br>• सकारात्मक व्यवहार | • सरसहयोग, सम्मान, सम्बोधन र असल आचरण प्रदर्शन गर्न, सहयोग आदानप्रदान गर्न, .विद्यालयको नियमको पालना गर्न, घरायसी कामकाजमा सहयोग र सहकार्य गर्न, | • नातासम्बन्ध अनुसारको सम्बोधन, असल आचरण प्रदर्शन, घर, समाज र विद्यालयमा स्थापित सामाजिक नियमको पालना गर्नको लागि तथा सरसहयोग गर्ने बानी विकास गर्न कथाकथन, सान्दर्भिक दृष्टान्त, | • सिकारुमा अपेक्षित रुपमा मूल्यमान्यता तथा सकारात्मक व्यवहार प्राप्त भए/नभएको सन्दर्भमा व्यवहार अवलोकन र सहपाठी मूल्याङ्कन | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • अपाङ्गहरूलाई सहयोग गर्न । | विद्यार्थीहरूको व्यवहार अवलोकन र आवश्यक पृष्ठपोषण प्रदान जस्ता क्रियाकलाप गर्न सकिन्छ ।<br>• अपाङ्ग या थप सहयोग चाहिने अशक्त, बृद्धबृद्धाहरूलाई सहयोग गर्ने बानीको विकास गराउने विभिन्न सान्दर्भिक क्रियाकलापहरू गराउने वातावरण सिर्जना गर्नतर्फ शिक्षक चनाखो हुन आवश्यक हुन्छ । | पद्धतिलाई उपयोगमा ल्याउन सकिन्छ ।<br>• कक्षा कार्य तथा प्रश्नोत्तर विधिबाट मूल्याङ्कन गर्न सकिन्छ । | |
| २. तीनपाटनको स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि | • स्थानीय पेसा, व्यवसाय<br>• स्थानीय सिप र प्रविधि | • स्थानीय पेसा, व्यवसाय, यसको महत्त्व तथा आफूलाई मनपर्ने पेसा छनौट गर्न,<br>• प्रमुख बाली, फलफुल तरकारी र जडिबुटि पहिचान गर्न र त्यसको उपयोग गर्न, उत्पादन गर्ने तरिका अपनाउन,<br>• पशुपन्छी पालन तथा जडिबुटि उत्पादनबाट हुने फाइदा, बनजङ्गलको परिचय र महत्त्व ।<br>• कृषिको लागि आवश्यक सामग्रीहरूको पहिचान र उपयोग । पशुपन्छीपालनका लागि आवश्यक पूर्वाधारहरू । स्थानीय प्रविधिको प्रयोग गरी बस्तुको उत्पादन, स्थानीय घरेलु सामग्री निर्माण र उपयोग । | • स्थानीय पेसा, व्यवसाय, आफूलाई मनपर्ने पेशाको छनौट, स्थानीय खेती तथा पशुपन्छीपालनको बारेमा छलफल, अन्तरक्रिया, सान्दर्भिक उदाहरण, क्षेत्रभ्रमण, अवलोकन जस्ता प्रक्रियाहरूलाई प्रयोगमा ल्याउन सकिन्छ । सिकारुलाई उत्पादनसँग जोड्न करेसाबारी, विद्यालयमा सामुहिक खेती, पशुपन्छीपालन, तथा विभिन्न खेतीबाट हुने फाइदा तथा यसको महत्व सम्बन्धमा सो सम्बन्धी विज्ञ एवम् अनुभवी व्यक्ति (पाइएमा स्रोत व्यक्ति)को अनुभव सुनाउने वातावरण सिर्जना गर्ने । तरकारी खेती, जडिबुटी खेती तथा यी खेतीका लागि चाहिने आवश्यक पूर्वाधारको बारेमा सिकारुलाई आवश्यक जानकारी दिदै आवश्यक गतिविधिहरूको छनौट गर्ने | • कक्षा कार्य, मौखिक तथा लिखित प्रश्नोत्तर, बहुबैकल्पिक प्रश्न, ठिक/बेठीक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्नको माध्यमले सिकारुमा स्थानीय पेसा, व्यवसाय, स्थानीय, सिप र प्रविधिसम्बन्धी सिकाइ उपलब्धि प्राप्त भए या नभएको यकिन गर्ने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय प्रविधि र सिपसँग सिकारुलाई परिचित गराउँदै डोको, नाम्लो, पिरा, ढाकि, मान्द्रो, डालो, फुर्लुङ, टपरी, दुना जस्ता सामग्री के कसरी बनाउन सकिन्छ भनेर अवलोकन र अभ्यास गराउने वातावरण निर्माण गर्ने । फ्याँकिएका प्लाष्टिक, चाउचाउ, विस्कुट, चक्लेटको खोल वा अन्य बस्तुबाट घरेलु सामग्रीहरूको निर्माण र त्यसको उपयोग गर्न उत्प्रेरित गर्न । त्यसको लागि घरेलु सामग्री निर्माण गर्ने व्यक्तिसँग भेटघाट या त्यस्ता उद्योगहरूको भ्रमण अवलोकन गर्न सकिन्छ । | | |
| ३.तिनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • तिनपाटनको सम्पदा | • तिनपाटनका सम्पदाहरु ऐतिहासिक एवम् पर्यटकीय महत्व र गौरव, र विकासमा भएका प्रयासहरू,<br>• सिन्धुली जिल्लामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, एतिहासिक, प्राकृतिक तथा भौगोलिक सम्पदाहरूको सामान्य परिचय ।<br>• पर्यटकीय स्थलहरूको पहिचान, विकास र प्रचार प्रसार । | • तीनपाटनमा अवस्थित सम्पदाहरु किन महत्वपूर्ण सम्पदाको रुपमा स्थापित छ ? यिनीहरुको ऐतिहासिक एवम् पर्यटकीय महत्व किन छ भन्ने सवालमा सन्दर्भ पुस्तक, क्षेत्रभ्रमण, प्रश्नोत्तर जस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ।<br>• यी सम्पदाहरुको विकास र संरक्षणमा गा.पा.को योजनामा भएका कार्यहरुबारे छलफल तथा अन्तरक्रिया<br>• सिन्धुली जिल्लामा रहेका प्रमुख सम्पदाहरूको सामान्य परिचय तथा पर्यटकीय स्थलहरूको पहिचान, विकास र प्रचार प्रसार गर्न आवश्यक सन्दर्भ पुस्तकहरूलाई उपयोगमा ल्याउने । सूचना प्रविधिको समुचित प्रयोग गरि सिकाइ सहजीकरण गर्ने । | • क्षेत्र भ्रमण पश्चात् छोटो प्रतिवेदन प्रस्तुति, प्रश्नोत्तर, कक्षा कार्य, अभिलेख अध्ययन, स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन आदिको माध्यमले स्थानीय सम्पदा सम्बन्धी विषयवस्तुको मूल्याङ्कन गर्ने । | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | • तीनपाटनको जातजाति र भाषा | • सिन्धुली जिल्लाभित्रका जातजातिहरूको परिचय र पहिचान, लवाइ, खुवाइ, जातिगत विशेषता, उनीहरूले बोल्ने भाषा, | • सिन्धुली जिल्लाका प्रमुख जाति र जातिगत विशेषता, चाडपर्वहरू, जातिगत स्थानीय भाषा एवम् लवाइखुवाई, संस्कार, सभ्यताबारे उपयुक्त सन्दर्भ सामग्री, अनुभव साटासाट, खोजपूर्ण अध्ययन, परियोजना कार्य जस्ता प्रक्रिया अवलम्बन गर्ने । | • भिडियो क्लिप्स, फिलिम फुटेज, बास्तविक कला संस्कृति, पहिरन, खानपिन आदि अवलोकन गराइ स्थानीय जातजाति र भाषा सम्बन्धमा प्रश्नोत्तर, सोधपुछ, परियोजना कार्य, अवलोकन आदिको माध्यमले सो सम्बन्धी मूल्याङ्कन गर्ने । | १३ |
| | • स्थानीय चाडपर्वहरू | • जातिगतरुपमा स्थापित प्रमुख चाडपर्वहरू, ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरू, चाडपर्वहरूको विशेषता,<br>• जातिगत संस्कार, सभ्यता र प्रमुख चालचलनहरू । जातिगत गीत, संगीत, बाजा । | • स्थानीय चाडपर्व र यी चाडपर्वहरूमा गरिने क्रियाकलाप, चाडपर्वको विशेषताको बारेमा आवश्यक जानकारी गराउँदै परियोजनाकार्य मार्फत सिकारुलाई स्पष्ट पार्ने । जातिगत तथा स्थानीय स्तरमा चर्चित गीत, संगीत, बाजा आदिको बारेमा खोजी गरि शिक्षकले सिकारुलाई बताइदिने र सिकारुलाई पनि खोजी गर्ने बानीको विकास गराउने । मोवाइल, फिलिम फुटेज, भिडियो, युट्युव आदि सूचना र प्रविधिमार्फत पनि जातिगत, संस्कारगत विशेषता स्पष्ट पार्न सकिन्छ । गीत, संगीत तथा बाध्यबादनबारे सूसुचत गर्न पनि ICT लाई उपयोग गर्न सकिन्छ । | • स्वमूल्याङ्कन, कक्षा कार्य विभिन्न खालका प्रश्नावली, छोटा परिच्छेद लेखन, अबलोकन आदि मूल्याङ्कनका प्रक्रियाबाट स्थानीय जाडपर्व र ती चाडपर्वहरूमा गरिने मूख्य क्रियाकलाप, जातिगत सभ्यता, जातिगत गीत, संगीत एवम् बाध्यबादन सम्बन्धमा मूल्याङ्कन गर्ने । | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • स्थानीय संरचना | • सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको सामान्य परिचय, स्रोत साधनको उपयोग फाइदाहरू । | • सिन्धुली जिल्लाका सबै स्थानीय तहको सामान्य परिचय दिदाँ ती स्थानीय तहका प्रमुख स्रोतसाधनको उपयोग गरि फाइदा लिने तरिकाको बारेमा सान्दर्भिक सन्दर्भपुस्तकलाई शिक्षकले उपयोग गर्न सक्नेछन् । | • कक्षा कार्य, परियोजना कार्य, प्रश्नोत्तर या अन्य सान्दर्भिक विधिमार्फत स्थानीय संरचनाको परिचय, त्यहाँका स्रोत साधनको उपयोग र यसबाट हुने फाइदाहरू सम्बन्धी मूल्याङ्कन गर्ने । | ५ |
| | • स्थानीय विशिष्ट व्यक्तित्व<br>• सहिद | • तीनपाटनका ऐतिहासिक, शैक्षिक, राजनीतिक, साहित्यिक एवम् समाजसेवी ऐतिहासिक (विशिष्ट ) व्यक्तित्वहरूको चिनारी ।<br>• तीनपाटनका प्रमुख सहिदहरूको परिचय । | • कला, संस्कृति, गीत, संगीत, शिक्षा तथा समाजसेवामा लागेका विशिष्ट ब्यक्तिरूको सामान्य चिनारी गराउन आवश्यक जानकारी आदानप्रदान गर्ने ।<br>• नेपालको राजनीतिक परिवर्तनमा सिन्धुली जिल्लाबाट सहादत प्राप्त गर्ने व्यक्तित्वहरूमध्ये तीनपाटन गा.पा.भित्रका सहिदहरू नाम र सामान्य जानकारी दिन आवश्यक सन्दर्भ पुस्तकको उपयोग गर्ने । | • स्वतन्त्र लेखन, स्वतन्त्र अभिव्यक्ति, प्रश्नोत्तर आदि माध्यमले स्थानीय विशिष्ट व्यक्ति र सहिद सम्बन्धी मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. पोषण, खानपिन तथा सरसफाइ | • पोषण तथा<br>• खानपिन | • बजारमा उपलब्ध विभिन्न जङ्कफुडको प्रयोगले हुने शारीरिक र मानसिक असर ।<br>• स्थानीय अन्नवाली, फलफुल, तरकारी तथा दुग्धपदार्थबाट, खाजा, खाना र पेय पदार्थ निर्माण गर्ने तरिका, त्यसको फाइदा र महत्त्व । | • बजारमा उपलब्ध जङ्कफुड (पत्रु खाना) को पहिचान गर्दै यसको निर्वाद प्रयोग गर्ने परम्परालाई निरुत्साहित गर्न चेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने । यसको प्रयोगले गर्ने हानी तथा नोक्सानीको बारेमा सिकारुलाई सचेत गराउन चेतनामूलक पोष्टर, पम्प्लेटको प्रयोग गर्न सकिन्छ । विज्ञ व्यक्तिलाई स्रोत शिक्षकको रुपमा आमन्त्रण गरि जङ्कफुडको असरबारे सिकारुलाई सुसूचित गराउन सकिन्छ ।<br>• स्थानीय स्तरमा पोषणयुक्त खाजा तथा खाना निर्माण गर्ने तरिका तथा यसको फाइदा र महत्त्वबारे सिकारुलाई जानकारी दिन, आवश्यक छलफल, अनुभव साटासाट तथा अभ्यासात्मक क्रियाकलापअरु सञ्चालन गर्ने /गराउने । अन्य आवश्यक क्रियाकलाप सञ्चालन गरि सिकाइ सहजीकरण गर्न सकिन्छ । | • अबलोकन, सहपाठी मूल्याङ्कन, विभिन्न खालका लिखित वा मौखिक प्रश्नोत्तर आदिबाट पोषण तथा खानपिन सम्बन्धी के कस्ता सिकाइ उपलब्धि प्राप्त भयो भनेर यकिन गर्ने । | **१३** |

| | | | | | |
|---|---|---|---|---|---|
| | • सरसफाइ | • घर र विद्यालयको फोहोरमैला व्यवस्थापन । | • फोहोरमैला व्यवस्थापनको विविध उपायहरूको बारेमा भिडियो प्रदर्शन, अभ्यासात्मक क्रियाकलाप, प्रश्नोत्तर, छलफल जस्ता विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ । | • सिकारुको व्यवहार अवलोकन, सहपाठी मूल्याङ्कन तथा परियोजना कार्य या अन्य विधिहरूको उपयोग गरेर घर, विद्यालय या वरपरको फोहोर मैला व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने । | ७ |
| ७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • विपद | • विपदहरू (झाडा पखाला, बाढिपहिरो, चट्याङ) को कारण, असर र यसबाट बच्ने उपायहरू । | • विपद, यसको सम्भावित कारण, स्थानीय स्तरमा घट्न सक्ने सम्भावित विपदहरू, यसको असर तथा बच्ने उपायहरूबारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, सिमुलेसन, प्रश्नोत्तर, अनुभव आदानप्रदान जस्ता विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ । | • प्रश्नोत्तर, सोधपुछ, लिखित या मौखिक प्रश्नोत्तर, कक्षा कार्य आदि मूल्याङ्कनका साधनबाट विपदहरूबारे सिकारुको मूल्याङ्कन गर्ने । | ५ |
| | • सुरक्षित हुने उपायहरू | • सुरक्षित वासस्थान (घर र विद्यालय) को आवश्यकता र महत्त्व ।<br>• सुरक्षित विद्यालयका फाइदाहरू ।<br>• सुरक्षित विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू आदि । | • सुरक्षित विद्यालय सम्बन्धी यथोचित जानकारी दिन विषयवस्तुको प्रस्तुति, सान्दर्भिक सन्दर्भपुस्तकको प्रयोग, परियोजना कार्य, भ्रमण अवलोकन जस्ता विधिहरू या सान्दर्भिक अन्य विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ । | • कक्षा कार्य, परियोजना कार्य, प्रश्नोत्तर, लिखित वा मौखिक प्रश्नोत्तर विधिबाट सुरक्षित वासस्थान, यसका फाइदाहरू या सुरक्षाका उपायहरू सम्बन्धमा मूल्याङ्कन गर्ने । | ५ |

## कक्षा ५

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| १. तीनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • तीनपाटनको स्थानीय वातावरण | • .प्राकृतिक र मानवनिर्मित वातावरणको परिचय दिन, प्रदुषणको परिचय दिन र वातावरण स्वच्छता कायम गर्ने उपायहरू अपनाउन, तीनपाटनका प्रमुख नदी वाक्सु, भालुखोला, चँदाहा, लंगुर खोला, जिर्गा खोला, किराँते खोला तथा अन्यको सामान्य परिचय र अवस्था । सिन्धुलीको प्राकृतिक स्वरुप, जल, जमीन, जङ्गल, पहाड, बेसी, फाँटको परिचय, पोखरी, ताल तथा पानीको मुहान संरक्षणका उपायहरू अपनाउन, खोजी गर्न | • प्राकृति तथा मानवनिर्मित वातावरण सम्बन्धी विषयवस्तु प्रस्तुति, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधिको प्रयोग ।<br>• वातावरण प्रदुषण, वातावरण स्वच्छता कायम गर्ने उपायहरू सम्बन्धमा चार्ट, तालिका, विषयवस्तुको प्रस्तुति, छलफल, भ्रमण अलोकन विधिको प्रयोग ।<br>• तीनपाटनमा अवस्थिति नदीको परिचय र अवस्थितिको बारेमा विषयवस्तु प्रस्तुति, अन्तरक्रिया, अनुभव आदानप्रदान, सान्दर्भिक स्रोत सामग्रीको प्रयोग ।<br>• सिन्धुली जिल्लाको प्राकृतिक स्वरुप, पानिको मुहान र यसको संरक्षणका उपायहरू सम्बन्धी विषयवस्तुको प्रस्तुति, भिडियो तथा फिलिम फुटेजको प्रयोग । | • कक्षा सहभागिता, कक्षा कार्य, व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया वा यस्तै साधनहरूद्धारा स्थानीय वातावरण सम्बन्धमा मूल्याङ्कन गर्ने । | १३ |
| | • मूल्यमान्यता र<br>• सकारात्मक व्यवहार | • स्थानीय रुपमा प्रचलित असल संस्कार, आचरण, मूल्यमान्यता र सभ्यताको पहिचान र ग्रहण गर्न,<br>• अग्रजको सम्मान गर्न, .सानालाई माया गर्न तथा सत्य बोल्ने बानीको विकास गर्न, | • स्थानीय संस्कार, असल आचरण, नैतिक मूल्यमान्यता सम्बन्धी विषयवस्तुको प्रस्तुति, अभ्यासात्मक क्रियाककलाप, परियोजना कार्य, व्यवहार अलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापमको प्रयोग ।<br>• | • व्यवहार अवलोकन, स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन, परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्यमान्यता र सकारात्मक व्यवहार सम्बन्धमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • अपाङ्गताहरूसँग सहकार्य गर्न तथा समाज स्वीकृत व्यवहारको ग्रहण गर्न,<br>• विद्यालय, घर तथा समाजको स्थापित नियमको पालना गर्न । सकारात्मक सोचको विकास , | • समाज स्वीकृत व्यवहार तथा समाजको स्थापित नीति नियम सम्बन्धी जानकारीका लागि अनुभव आदानप्रदान, विषयवस्तुको प्रस्तुति, मूल्य रेखा/(Value Line) भ्यालु लाइनको प्रयोग या अन्य सान्दर्भिक सिकाइ सहजीकरण क्रियाकलापहरूको प्रयोग । | | |
| २. तीनपाटनको स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि | • तीनपाटनको स्थानीय पेसा, व्यावसाय | • स्थानीय पेसाको परिचय, महत्व, अन्नबाली, फलफुल, तरकारी खेति गर्ने तरिका, त्यसमा लाग्ने प्रमुख रोगहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिका ।<br>• जडिबुट्टि प्रशोधन, बनजङ्गल संरक्षण गर्ने उपायहरूको अवलम्बन ।<br>• अन्नबाली, फलफुल तरकारी उत्पादन गरि आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, उपचार र उत्पादन गरि जीविकोपार्जनमा सहजता बनाउन, प्राकृतिक संरक्षणका लागि बृक्षारोपण, | • अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरूलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व, विभिन्नखेतीपातिमा लाग्ने रोहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरू, जडिबुट्टि प्रशोधन, बनजङ्गल संरक्षण गर्ने उपायहरूको अवलम्बन सम्बन्धी विषयवस्तुबारे सहजीकरण सकिन्छ ।<br>• विभिन्न पेसा, व्यावसाय गरेर उत्पादनसँग जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने । | • कक्षा कार्य, प्रश्नोत्तर, परियोजना तथा प्रयोगात्मक कार्य, लिखित वा मौखिक प्रस्तुति आदिको आधारमा स्थानीय पेसा तथा व्यवसायको सम्बन्धमा मूल्याङ्कन गर्ने । | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्थानीय सिप र प्रविधि | • सालको पात, भोर्लाको पात केराको पात वा अन्य बनस्पतिको पातबाट दुना, टपरी, बोहोती आदि सामग्री निर्माणको सिप । माटो, ढुंगा, बाँस, काठ, लेखिसकेका डट्पेन, खर, काँस, मकैको खोष्टा, गहुँको छवाली, आदिबाट विभिन्न उपयोगी तथा सजावटका सामग्रीहरूको निर्माण र प्रयोग । | • स्थानीय प्रविधि तथा सिपको प्रयोग गरि जीवीकोपार्जन गर्न उत्साहित गर्ने तथा स्थानीय विज्ञलाई बोलाएर दुना, टपरी, कुचो, पिरा, सजावट या अन्य घरेलु सामग्रीहरू निर्माणको अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने ।<br>• सिकारुलाई बढीमा ५ ओटा ऐच्छिक घरेलु सामग्री निर्माणको सिप विकास गराउने तर्फ योजना बनाई आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न, स्थानीय घरेलु उद्योग तथा सञ्चालकहरूसँग अनुभव आदानप्रदान गर्ने वातावरण निर्माण गर्नतर्फ शिक्षक क्रियाशील हुने । घरेलु सामग्री निर्माण सम्बन्धमा आवश्यक सान्दर्भिक क्रियाकलाप सञ्चालनको लागि सम्भव भए सूचना तथा अन्य प्रविधिहरूलाई पनि उपयोगमा ल्याउन सकिन्छ । | • अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य,<br>• लिखित वा मौखिक कार्य, सिप प्रदर्शन आदिको माध्यमले स्थानीय सिप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने । | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. तीनपाटनको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • तीनपाटनको स्थानीय सम्पदा | • तीनपाटनका सम्पदाहरुको विकास, प्रचार प्रसार र संरक्षणका प्रयासहरू<br>• तीनपाटनमा अवस्थित धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक र पुरातत्त्व सम्पदाहरूको परिचय, महत्व र संरक्षणका उपायहरू ।<br>• पर्यटनका लागि सम्भावित गन्तव्यहरूको पहिचान, प्रचार प्रसार र संरक्षणका उपायहरू ।<br>• प्रमुख मठमन्दिरहरू, गुम्बा, चर्च लगायतका सांस्कृतिक सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरू | • कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै विकास तथा प्रचारप्रसारमा तीनपाटन गाउँपालिका, बाग्मती प्रदेशले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने ।<br>• सिन्धुली जिल्लामा अवस्थित सम्पदाहरूमध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख ५-५ ओटा सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने । | • प्रश्नोत्तर, परियोजना कार्य, लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्वारा मूल्याङ्कन गर्ने । | २५ |
| ४. तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरू | • तीनपाटनको स्थानीय जातजाति र भाषा | • तीनपाटनमा रहेका विभिन्न जातजातिहरू, जनजाति, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित तथा पिछडिएको बर्गको परिचय ।<br>• जातिगत चालचलन र धर्मसंस्कारको परिचय, महत्त्व र संरक्षणका उपायहरू,<br>• जातिगत भाषा संस्कृतिको परिचय र संरक्षणका उपायहरू । | • तीनपाटन क्षेत्रभित्रका जातिगत संस्कार, सभ्यता, चाडपर्व, धर्मसंस्कारको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अवलम्बन गर्न उत्प्रेरित गर्ने । | • कक्षा कार्य, परियोजना कार्य, लिखित वा मौखिक प्रस्तुति आदि मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर यकिन गर्ने । | १० |
| | • स्थानीय चाडपर्वहरू | • जातिगत चाडपर्व, बाजा, गीत, मेलापर्व, जात्रा आदि । | • स्थानीय तथा जातिगत गीत, संगीत, बाद्यबादन, मेलापर्व, जात्रा जातिगत चाडपर्व आदिको बारेमा आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने ।<br>• अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ । | • स्वतन्त्र अभिव्यक्ति, सामुहिक प्रस्तुति, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरूसँग सम्बन्धित विषयवस्तुको मूल्याङ्कन गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • स्थानीय संरचना | • सिन्धुली जिल्लाका स्थानीय तहहरूमा उपलब्ध प्रमुख साधन र स्रोत ।<br>• जिल्ला समन्वय समिति र स्थानीय तहको संरचना, काम, कर्तव्य र अधिकार । | • सिन्धुली जिल्लाको स्थानीय तहहरूमा उपलब्ध प्रमुख स्रोतसाधन, जिल्ला समन्वय समिति र स्थानीय तहको संरचना, काम, कर्तव्य र अधिकारबारे उपयुक्त सन्दर्भ सामग्री र क्रियाकलाप उपयोग गर्दै सिकारुलाई सहजीकरण गर्ने । | • प्रश्नोत्तर, कक्षा कार्य या अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाइ उपलब्धिको अवस्था मूल्याङ्कन गर्ने । | ५ |
| | • स्थानीय विशिष्ट व्यक्तित्व र सहिद | • जिल्लाका ऐतिहासिक, शैक्षिक, राजनीतिक, साहित्यिक, एवम् समाजसेवी ऐतिहासिक व्यक्तित्वहरूको चिनारी ।<br>• सिन्धुली जिल्लाका प्रमुख सहिदहरूको परिचय र उहाँहरूको योगदान । | • स्थानीय विशिष्ट व्यक्तित्वहरू अन्तर्गत समाजसेवामा योगदान पुऱ्याएका व्यक्तित्वहरू तथा राजनीति एवम् सामाजिक परिवर्तनमा योगदान दिई सहादत प्राप्त गरेका सहिदहरूको सामान्य परिचय र उहाँहरूको योगदानबारे वक्तृत्वकला, खोज अनुसन्धान, परियोजना कार्य, विषयवस्तुको प्रस्तुति जस्ता क्रियाकलापहरूलाई उपयोगमा ल्याउन सकिन्छ । | • सामुहिक या व्यक्तिगत रुपमा सिकारुलाई विशिष्ट व्यक्तित्व र सहिदको चिनारी एवम् योगदानको बारेमा लिखित वा मौखिक प्रस्तुति गर्न लगाउने, परियोजना कार्य दिने र सोको आधारमा मूल्याङ्कन गर्ने । | ५ |
| ६. पोषण, खानपिन तथा सरसफाइ | • पोषण र खानपिन | • जङ्कफुड परिचय र यसको असर र यसबाट बच्ने उपाय ।<br>• घरमा निर्मित स्वस्थ खाना, खाजा र पेय पदार्थको निर्माण, प्रयोग, फाइदा, महत्त्व र यसको सकारात्मक पक्ष ।<br>• स्थानीय स्तरमा घरेलु समानबाट दिवा खाजा बनाउने तरिका, त्यसको उपयोग र फाइदा । | • जङ्कफुड (पत्रुखाना), यसको असर र यसबाट बच्ने उपायहरू, घरमा निर्मित पोषणयक्त खाना, यसको महत्त्व, फाइदा र यसको निर्माण, प्रयोग गर्ने तरिका जस्ता विषयवस्तुबारे सान्दर्भिक विषयवस्तुको प्रस्तुति, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता गतिविधिहरू सञ्चालन गरि सिकाइ सहजीकरण गर्ने । | • परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया, व्यवहार अवलोकन या अन्य उपयुक्त विधिमार्फत पोषण र खानपिन सम्बन्धी अपेक्षित सिकाइ उपलब्धि सिकारुमा प्राप्त भए या नभएको यकिन गर्ने । | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | • सरसफाइ | • भान्सा, घर, विद्यालबाट निष्काशित फोहोर मैलाको व्यवस्थापन ।<br>• वातावरणीय सरसफाइ तथा फोहोर मैलाको व्यवस्थापन । | • भान्सा, घर, विद्यालयबाट निष्काशित फोहोरमैलाको व्यवस्थापन, वातावरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी चेतना अभिबृद्धि गर्न सान्दर्भिक क्रियाकलाप तथा सान्दर्भिक प्रयोगात्मक गतिविधि तथा परियोजना सञ्चालन गर्ने/गराउने । | • व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया तथा प्रयोगात्मक र परियोजना कार्यको माध्यमले सरसफाइ सम्बन्धी मूल्याङ्कन गर्ने । | ७ |
| ७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • विपद व्यवस्थापन | • विपदहरू भुकम्प, आँधिहुरी, आगलागी आदि विपतबाट बच्ने उपायहरू ।<br>• विपद व्यवस्थापनका उपायहरूको अवलम्बन ।<br>• सुरक्षित विद्यालयको परिचय, आवश्यकता र महत्त्व । | • स्थानीय तहमा घट्न सक्ने तथा घटिरहेका विपदहरू र यसबाट बच्ने उपायहरूको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ । | • प्रश्नोत्तर, सिकरुको व्यवहार प्रदर्शन, कक्षा कार्य, लिखित या मौखिक जानकारी आदिको माध्यकले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने । | ५ |
| | • सुरक्षित विद्यालय | • विद्यालयलाई सुरक्षित बनाउने तरिका ।<br>• विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू आदि । | • सुरक्षित विद्यालय के हो ? यसको आवश्यकता किन पर्छ ? विद्यालयलाई के कसरी सुरक्षित बनाउन सकिन्छ ? कक्षाकोठा, खेलमैदान, शौचालय, चमेना गृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरूको सुरक्षाको लागि अपनाउनुपर्ने उपायहरूबारे प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ । | • लिखित वा मौखिक अभिव्यक्ति, विद्यार्थीको अनुभव प्रदर्शन, परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्ने । | ५ |

## ९ .सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

स्थानीय पाठ्यक्रम स्थानीय परिवेशमा निर्माण र कार्यान्वयन गरिने पाठ्यक्र हो । यसले स्थानीयतालाई विशेष प्राथमिकता दिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम हो । एउटै पालिकामा पनि स्थानीय विषयवस्तुहरूको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । स्थानीय विषयकोलागि पाठ्यपुस्तकको परिकल्पना गरिदैन तथापी विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भ पुस्तकहरूलाई उपयोगमा भने ल्याउन सकिन्छ ।तीनपाटन गाउँपालिकामा रहेका ११ वटा वडाहरुमा विभिन्न खालका फरक फरक परिवेशलाई आधार मानेर सोही परिवेश सापेक्ष विषयवस्तुहरुलाई आधार मानेर यस पाठ्यक्रमको जगमा शिक्षकले शिक्षण सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप बाञ्छनीय हुन्छ, स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा । स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दापनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । एउटै पालिकाको विभिन्न क्षेत्रको वस्तुस्थिति पनि फरक फरक हुन सक्ने भएकोले ठाउँ विशेष यसका क्रियाकलापहरू पनि फरक फरक हुन सक्ने सम्भावना रहन्छ । कुनै पनि विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यहि नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापी शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

- **छलफल/प्रश्नोत्तर** : विभिन्न विषयहरूमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात् के कस्ता प्रश्नहरू सोध्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नु पर्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीका बारेमा छलफल गरि प्रश्नोत्तर गर्ने हो भने तलका

जस्ता बुँदाहरूमा छलफल गर्न सकिन्छ :
- तिम्रो बुबा /आमाले के काम गर्नुहुन्छ ?
- तिम्रो बुवाले कुन पेसा गर्नुहुन्छ ?
- तिमी कक्षाकोठा फोहोर भयो भने के गर्छौ ?
- आफूभन्दा ठूलालाई तिमी के गर्छौ ?
- तिमीलाई कुन फल मनपर्छ ? किन मनपर्छ ?
- जङ्कफुड (पत्रुखाना) ले हाम्रो स्वास्थ्यमा कस्तो असर पर्छ ?
- किन स्थानीय स्तरमा निर्मित घरमा बनाएको पोषणयुक्त खाजा खानु पर्छ ?

❖ **प्रदर्शन :** शिक्षक, विद्यार्थी र सरोकारवालाहरूबाट विभिन्न सामग्रीहरू सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलापहरू गर्न सकिन्छ । आवश्यकता अनुसार वास्तविक घट्ना या गतिविधिहरू अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिलिम फुटेज, चित्र, तस्विर तथा श्रब्य, दृष्य, श्रब्य–दृष्य सामग्री, मोवाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारुलाई देखाउन सकिन्छ । यसो गर्दा विषयवस्तुको बारेमा थप स्पष्ट पार्न सकिन्छ ।

- तिम्रो घरमा भएका कुनै तीन ओटा अन्नबाली देखाऊ/को नाम भन । चित्रमा भिडियोमा भएका मध्ये कुन कुन अन्नबालीहरू तिम्रो घरमा छन् ? कुनै ३ वटा अन्नबालीको नाम भन ।
- तिम्रो वरपर भएको कुनै दुई मठमन्दिरको नाम लेखेर प्रदर्शन गर ।
- कुनै एक लोक गीत गाएर सुनाऊ
- स्थानीय बस्तुको प्रयोग गरी कुनै एक सामग्री निर्माण गर ।

❖ **सहभागिता :** गरेर सिक (Learning by doing) विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ । तसर्थ विभिन्न कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनु पर्छ । यसो गर्दा विद्यार्थीहरूले हेरेर र गरेर धेरै कुराहरू सिक्दछन् ।

- अशक्त व्यक्तिले बाटो काट्न नसक्दा तिमी के गर्छौ ?
- अपाङ्गता भएका व्यक्तिहरूसँग हामीले कस्तो व्यवहार गर्नुपर्छ ?

❖ **अवलोकन भ्रमण र अभ्यास :** विद्यार्थीहरूलाई विभिन्न कुराहरूको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ । अवलोकन भ्रमण पश्चात् सिकारुले सिकेका कुराहरूलाई प्रस्तुत गराउन लगाउने गर्न सकिन्छ ।

❖ **परियोजना कार्य :** अभ्यासको नै महत्त्वपूर्ण अङ्गका रुपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरू पहिले नै सोच्नु पर्छ । परियोजना कार्य मार्फत करेसाबारी निर्माण, स्थानीय प्रविधिको प्रयोग, फलफूल एवम् तरकारी खेती, स्थानीय सामग्री निर्माण र प्रदर्शन जस्ता कार्यहरू गर्न/गराउन सकिन्छ ।

❖ **अभिभावकीय संलग्नता :** शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँग गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तत लिखित या मौखिक तवरले सहजीकरण गरेरमात्र पुग्दैन । सिकारुले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ । यस्तो परिवेशमा सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नतालाई पनि समुचित स्थान दिनुपर्ने हुन्छ । अभिभावकको सल्लाह, निर्देशन तथा प्रतिक्रियालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोग गर्न सक्नु पर्दछ ।

❖ **कथाकथन वा गीत/संगीत विधि :** पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा संगीतको माध्यमले पनि सिकाइ सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।

❖ **भूमिका निर्वाह तथा नाटकीकरण विधि :** स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयम्लाई सिकाइ सहजीकरणको माध्यम बनाउन सकिन्छ । यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिइनु पर्दछ । जस्तै : अपाङ्गतामैत्री व्यवहार

प्रदर्शन गर्न यदि कक्षाकोठामा अपाङ्ग बालबालिकाहरू छैनन् भने सिकारुमध्ये कुनै एकलाई अपाङ्ग व्यक्तिको रुपमा भूमिका निर्वाह गर्न लगाउने र अरुलाई अपाङ्ग व्यक्तिलाई सहयोग गरेको भुमिका दिएर यो विधि प्रयोग गर्न सकिन्छ । यसैगरि सकारात्मक व्यवहार प्रदर्शन, बृद्ध-बृद्धा तथा अग्रजहरूलाई सम्मान गर्ने खालको नाटक तयार गरेर पनि सिकारुलाई विषयवस्तुबारे स्पष्ट पार्न सकिन्छ ।

- ❖ **अन्वेषण, अनुसन्धान तथा खोज विधि :** विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरिने क्रियाकलाप, निकालिने निष्कर्ष र सञ्चालन गरिने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।
- ❖ **प्रविधियुक्त कक्षा** : विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनका लागि आवश्यकता अनुसार, मोवाइल, कम्प्युटर, प्रोजेक्टर, विभिन्न प्रकृतिका सामाजिक सञ्जालहरूको समुचित प्रयोग गरि धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।
- ❖ **अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरू** : आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि आदि सान्दर्भिक विधिहरूलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय, सन्दर्भ र परिवेशको आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ । सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नुको मुख्य ध्येय भनेको नै सिकारुले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकुन् भन्ने नै हो ।

## १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्ष

स्थानीय पाठ्यक्रम/स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको संगालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा

अलि फरक हुन सक्ने सम्भावना रहन्छ । सम्बन्धित विषय क्षेत्रमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केहि महतत्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- **विषयवस्तु तथा सिकाइ उपलब्धि** : स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागत, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धिसँग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सिप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई व्याख्यान वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सिप विकास गर्न सकिन्न । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरू आवश्यक हुन्छन् ।
- **बालमनोविज्ञान :** पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक या कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम  सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको उमेर, रुचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनुपर्ने हुन्छ ।
- **स्रोत साधनको उपलब्धता :** स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नु पर्दछ ।
- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरूको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन् ? स्थानीय स्तरबाट थप सामग्रीहरू के कसरी उपलब्ध गराउन सकिन्छ ? शिक्षण सिकाइको लागि हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ ? जस्ता कुराहरूको सही र सार्थक विश्लेषण गरि शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा सञ्चालन गर्न सकिन्छ ।

- **शिक्षकको योग्यता, क्षमता, र रुचि :** स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्वारा पठनपाठन गर्नुपर्ने भएकोले शिक्षक योग्य भएर मात्र पुग्दैन । शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सक्रिय हुनु पर्छ । लगनशील र पेसासँग बफादार शिक्षकले मात्र इमानदारपूर्वक आवश्यक स्रोत सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।
- **स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्ग** : स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसङ्ग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजन गर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरिसिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

## ११. मूल्याङ्कन प्रणाली :

मूलतः स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरूको मूल्याङ्कन गर्न सिकारुले प्राप्त गरेका उपलब्धिहरू परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ । पेपर-पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धि मूल्याङ्कन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि प्राप्त भए/नभएको यकिन गर्न कठिन हुन्छ । तर पनि विद्यार्थी मूल्याङ्कन पाठ्यक्रमको एक अभिन्न अङ्ग हो । यस अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन् । वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्‌यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १–३ मा निरन्तर सत् प्रतिशत विद्‌यार्थी मूल्याङ्कनको नै आधारमा , कक्षा ४–५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका आधारमा मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ । तर, यहि शैक्षिक सत्र २०७७ देखी लागू भएको कक्षा १ को एकीकृत पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरिसकेको छ । यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरुप विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसो भनेको निश्चित समयावधिमा नभई नियमित,

निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रुपमा नै मूल्याङ्कनलाई प्रयोग गरिनुपर्छ भनिएको हो । स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यहि आधारमा नै गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमका विषयहरूमा विद्यार्थीहरूले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्य अभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन्। यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनु पर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरूको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गको नै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीहरूलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरि अभिभावकहरूको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ । पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरू समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियोहरू पनि राख्नु पर्दछ । पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरू समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तरक्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम  स्थानीय तहमा नै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधिक (Update) पनि गर्दै लान आवश्यक छ । आवश्यक ठानिएका विषयवस्तुहरू थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरू हटाउँदै जान पनि सकिन्छ ।

स्थानीय विषयको मूल्याङ्कन गर्दा प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयीका (Portfolio) व्यवस्थित गरि राख्न आवश्यक हुन्छ । सिकारुको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको मूल्याङ्कन गरिनुपर्छ । सिकारुको मूल्याङ्कनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सिप, बुझाइ, व्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनशीलता (Creativeness/Creativity) लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रक्रियाको अबलम्बन गर्नुपर्छ । स्थानीय विषयको सम्भावित मूल्याङ्कन नमूनालाई निम्नानुसार तालिकामा देखाइएको छ :

| क्र. स. | मूल्याङ्कन तरिका | मूल्याङ्कन साधन | कैफियत |
|---|---|---|---|
| १. | प्रश्नोत्तर | प्रश्न चित्र, घट्ना प्रश्न, छोटा मौखिक या लिखित प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक/बेठीक प्रश्न, बहुबैकल्पिक प्रश्न आदि । | |
| २. | अवलोकन | रुब्रिक्स, रुजुसूची, श्रेणी मापन, मौखिक प्रश्न, घट्ना वर्णन आदि । | |
| ३. | परियोजना तथा प्रयोगात्मक कार्य | मौखिक प्रश्न, स्वतन्त्र अभिव्यक्ति, बूँदागत प्रस्तुति, रुब्रिक्स, रुजुसूची, श्रेणीमापन, | |
| ४ | सहपाठी मूल्याङ्कन | विभिन्न खालका फाराम, रुजुसूची, श्रेणीमापन | |
| ५. | अभिभावक प्रतिक्रिया | रुजु सूची, स्वतन्त्र अभिव्यक्ति, श्रेणीमापन आदि | |
| ६. | कुराकानी, सोधपुछ, छलफल | रुजु सूची, श्रेणी मापन, फाराम आदि । | |
| ७ | मौखिक कार्य | वास्तविक वस्तुस्थिति, प्रश्न, घट्ना, सन्दर्भ, श्रब्य, दृष्य, श्रब्य-दृष्य आदि । | |
| ८ | लिखित कार्य | विभिन्न खालका प्रश्नहरू, चित्रात्मक प्रस्तुति आदि | |
| १० | व्यवहार प्रदर्शन | श्रेणी मापन, रुजुसूची, फाराम, ग्राफ आदि । | |

माथि उल्लिखित मूल्याङ्कनका साधन र तरिका मध्ये विषयवस्तुसँग सान्दर्भिक हुने साधनको प्रयोग गरि सिकारुको सिकाइ उपलब्धि मूल्याङ्कन गरिसकेपछि उपलब्धिलाई भने तल उल्लेख गरिएको तालिका अनुसार रेटिङ गर्नुपर्छ ।

**विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको । |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष/अङ्ग मानिएको सन्दर्भमा सुरुवाती चरणमा दैनिक कक्षा क्रियाकलापको रुपमा सिकारुको सिकाइ स्तर मूल्याङ्कन गरि सिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ । दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरूको प्रयोग गरि विद्यार्थी मूल्याङ्कनको अभिलेखीकरण गर्नुपर्दछ । मूल्याङ्कन गर्दा सिकारुको उपलब्धिस्तर यदि १ या २ मात्र देखियो भने सुधारात्मक योजना बनाइ कम्तिमा पनि ३ सम्म उपलब्धि स्तर पुऱ्याउनु पर्छ । विद्यार्थीहरूमध्ये सिकाइ उपलब्धि १ या २ मात्र ल्याउने र ३ वा ४ ल्याउने विद्यार्थी पहिचान गरि सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरू खोजी समाधानका उपायहरू पहिल्याउन शिक्षक क्रियाशील रहनुपर्दछ ।

## १२. स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा

यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्वपूर्ण छ, ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमा नै निर्माण गरि कार्यान्वयन गर्ने पाठ्यक्रम पनि हो । यो स्थानीयतामा आधारित पाठ्यक्रम हो । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरि तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन । तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गाह्रो पनि देखिदैन । यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनको नै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त  प्रयास हुँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगालिक परिवेश, जातजाति, संस्कार एवम संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ । सिन्धुली जिल्लाको हकमा पनि यहि कुरा लागू हुन्छ । तीनपाटन गाउँपालिकाको सन्दर्भमा पनि ।

नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यवसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ । तीनपाटन गाउँपालिका पनि प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनि छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगरीको सिर्जना गर्ने भन्दा अरुले सिर्जना गरि दिएको रोजगारीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । तीनपाटन गाउँपालिकाले विभिन्न पेसा एवम् व्यवसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता, विना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रमहरू अगाडि बढाईरहेको छ । तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक/पालिकाका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र

अवसर पाउन सक्ने अवस्था छ। स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ। यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्नु सम्भव हुँदैन। हो, हाम्रो तीनपाटन गाउँपालिकामा पनि उद्यम नगर्ने, बेरोजगार छु भन्ने तर भएको जमीन बाँझै राखेर तरकारी मूल्य बढ्यो भनेर सरकारलाई गाली गर्ने प्रवृत्ति विद्यमान छ।

हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ। स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरि व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ। स्थानीय पेसा, व्यवसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ। त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो। यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन्। यो पाठ्यक्रमको नमूनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्यजस्तो देखिन्छ।स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोत सामग्रीहरूको खोजी गरि उपयोगमा ल्याउनुपर्ने हुन्छ। यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ। विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृति हासिल गर्न सक्नेछन्। स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मूलतः निम्नकुराहरूमा ध्यान दिन आवश्यक हुन्छ :

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, कम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर सिकारुको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,
- एकीकृत पाठ्यक्रम (१-३) लाई आधार मानेर अन्य विषयहरुसंग एकीकरण गरेर आवश्यकता अनुसार शिक्षण सिकाइ सहजीकरणको योजना बनाइ कार्यान्वयनमा ल्याउने,

- स्थानीय विषयमा उल्लिखित विभिन्न थिमहरुलाई विभिन्न व्यवहारकुशल सिपमा आधारित बनाइ साझा सिकाइको सम्भावनाको खोजी गरी सोही अनुरुपको शिक्षण सिकाइ योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने,
- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै सिकारुको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने,
- तीनपाटन क्षेत्रको स्थानीय पेसा, व्यवसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा सिकारुको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रुपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, व्याख्या, ICTको प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारीतामा ध्यान दिने,
- कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियकालापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,
- सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन सिकारुलाई गरेर सिक्ने (Learning by doing) सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने,
- मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा सिकारुको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,
- विभिन्न स्रोतसामग्री सङ्कलन गरि पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,

- मूल्याङ्कन गर्दा सिकारुको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारुले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने,
- स्थानीय विषय पढाउने शिक्षकहरूबीच अनुभव आदान-प्रदान गरि आइपरेका समस्याहरू हल गर्न हरदम क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यक महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरि आवश्यक परिमार्जन गर्न पहल गर्ने,
- सिकारुलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र सिकारु दुवैको भूमिकालाई समन्वयात्मक ढङ्गले विकास र विस्तार गर्न प्रयत्नशील रहने,
- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकता अनुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा बेलाबेलामा आमन्त्रण गरि अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने ।
- विपद व्यवस्थापन र सुरक्षित विद्यालय सम्बन्धी समुचित जानकारी गराइ सिकारुलाई विपदबाट बच्ने उपाय, व्यवस्थापन, कारण, प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्वको सम्बन्धमा समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य, प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागितात्मक पद्धति अवलम्बन गर्ने ।

# तीनपाटन गाउँपालिका

**(क्षेत्रफल २५६ वर्ग किलोमिटर)**

सिन्धुली जिल्लाको सदरमुकामबाट पूर्व तर्फ रहेका साबिकका बालाजोर, जरायोटार, लाम्पानटार र आम्बोटे, तोश्रामखोला, बाहुनतिल्पुङ, भिमस्थान र बेलघारी गाउँ बिकास समितिहरू मिलाएर तीनपाटन गाउँ पालिका निर्माण गरिएको छ ।पहिले देखि नै साबिकको बेलघारी र भिमस्थान गाउँबिकास समितिमा पर्ने चँदाहा खोलाको दुबै तर्फ फैलिएको उर्वर फाँटिलो क्षेत्रलाई तीनपाटन भन्ने गरिन्थ्यो र यस गाउँपालिका भित्रको सबै भन्दा उर्वर एवम् सुगम यसै क्षेत्रको नाममा गाउँपालिकाको नामाकरण गरिएको छ ।

केन्द्र : लाम्पानटारको चकमके बजार
वडा सङ्ख्या : ११
जनघनत्व : ८९.९१ जना प्रति वर्ग कि.मि.

आन्तरिक आम्दानी (साविक स्थानीय निकायहरूको रुपैयाँमा)
आ.व. २०७०/२०७१ को १३९४३३, आ.व. २०७१/२०७२ को १७४३००

**सिमाना**

पूर्व : दुधौली नगरपालिका र फिक्कल गाउँपालिका

पश्चिम : कमलामाई नगरपालिका

उत्तर : गोलन्जोर गाउँपालिका

दक्षिण : कमलामाई नगरपालिका र दुधौली नगरपालिका

**जनसंख्या (जनगणना २०६८अनुसार) क्षेत्रफल**

| क्र.सं. | साविक स्थानीय निकायहरू | जनसंख्या | क्षेत्रफल बर्ग कि.मि. |
|---|---|---|---|
| १ | बालाजोर | ४३५८ | ३२ |
| २ | जरायोटार | ७३१० | ३४ |
| ३ | लाम्पानटार | ५९४२ | ३८ |
| ४ | आम्बोटे | ४०७४ | ३९ |
| ५ | तोश्रामखोला | १९७९ | १४ |
| ६ | बाहुनतिल्पुङ | ३११६ | १९ |
| ७ | भिमस्थान | ५७८० | ४८ |
| ८ | बेलघारी | ३८४६ | ३२ |

तीनपाटन गाउँपालिकाको वडा विभाजनः

| क.सं. | तीनपाटन गाउँपालिका वडा नं. | साविक स्थानीय निकाय | |
|---|---|---|---|
| | | साविक गाउँ बिकास समिति | वडा नं. |
| १ | १ | बेलघारी | १-९ |
| २ | २ | भिमस्थान | १,२,३,४ र ५ |
| ३ | ३ | भिमस्थान | ६,७,८ र ९ |
| ४ | ४ | जरायोटार | १,४,५,६ |
| ५ | ५ | जरायोटार | २,३,७,८,९ |
| ६ | ६ | बालाजोर | १-९ |
| ७ | ७ | तोश्रामखोला | १-९ |
| ८ | ८ | बाहुनतिल्पुङ | १-९ |
| ९ | ९ | आम्बोटे | १-९ |
| १० | १० | लाम्पानटार | १,२,३ |
| ११ | ११ | लाम्पानटार | ४,५,६,७,८,९ |

# संस्थागत पूर्वाधार र श्रोत


## १. शिक्षण संस्था

| क.सं. | साविक स्थानीय निकाय | प्रा.बि. | नि.मा.बि. | मा.बि. | उ.मा.बि | स्नातक | स्नातकोत्तर |
|---|---|---|---|---|---|---|---|
| १ | बालाजोर | ६ | ३ | १ | ० | | |
| २ | जरायोटार | ८ | १ | १ | २ | | |
| ३ | लाम्पानटार | १२ | ४ | २ | २ | १ | १ |
| ४ | आम्बोटे | ६ | २ | १ | १ | | |
| ५ | तोश्रामखोला | ३ | १ | १ | ० | | |
| ६ | बाहुनतिल्पुङ | ५ | २ | १ | १ | १ | |
| ७ | भीमस्थान | ७ | १ | १ | ० | | |
| ८ | बेलघारी | ९ | | १ | ० | | |

## २. स्वास्थ्य संस्था

| क्र.सं. | साविक स्थानीय निकाय | स्वास्थ्य संस्था |
|---|---|---|
| १ | बालाजोर | १ स्वास्थ्य चौकी |
| २ | जरायोटार | १ स्वास्थ्य चौकी |
| ३ | लाम्पानटार | **१ PHC** |
| ४ | आम्बोटे | १ स्वास्थ्य चौकी |
| ५ | तोश्रामखोला | - |
| ६ | बाहुनतिल्पुङ | १ स्वास्थ्य चौकी |
| ७ | भिमस्थान | १ स्वास्थ्य चौकी |
| ८ | बेलघारी | प्रा.स्वा.के. |

## तालिका नं ७१ घर, परिवार, जनसङ्ख्या, परिवार आकारको वडागत वितरण :



| वडा न | घर सङ्ख्या | परिवारमूलीको विवरण | | | जनसङ्ख्या | परिवारको आकार |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | ८६३ | ४९४ | २९९ | ७९३ | ३८०० | ४.८ |
| २ | ८७३ | ५५० | २७२ | ८२२ | ३४०६ | ४.१ |
| ३ | ५७१ | ४३५ | १०६ | ५४१ | २६१४ | ४.८ |
| ४ | ८४६ | ५०१ | २३४ | ७३५ | ३४८४ | ४.७ |
| ५ | ११८१ | ६३९ | ३११ | ९५० | ३८१२ | ४.० |
| ६ | १०३५ | ६५२ | २५४ | ९०६ | ४८१८ | ५.३ |
| ७ | ४९७ | ३३६ | ६८ | ४०४ | २१२८ | ५.३ |
| ८ | ७४८ | ४८२ | १८४ | ६६६ | ३२३० | ४.८ |
| ९ | ८५३ | ५१८ | ३२२ | ८४० | ३९१७ | ४.७ |
| १० | ४९१ | २९४ | २०२ | ४९६ | २३०० | ४.६ |
| ११ | ९०६ | ४६७ | ३१३ | ७८० | ३७१३ | ४.८ |
| तीनपाट्न | ८८६४ | ५३६८ | २५६५ | ७९३३ | ३७२२२ | ४.७ |

**स्रोतः भूकम्प प्रभावित आवास पूनः निर्माण लगत संकलन कार्यक्रम, २०७४, केन्द्रीय तथ्याङ्क विभाग**

**तालिका नं ८४ कृषि उत्पादन सम्बन्धी विवरण** (क्षेत्रफल, हेक्टर तथा उत्पादन मेट्रिक टन)

| क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
|---|---|---|---|---|---|
| **चैते** | | **बर्षे** | | **हाईब्रिड** | |
| ९८ | २९७ | १८३३ | ५७१९ | १३ | ६० |
| **हिउदे मकै** | | **बर्षे मकै** | | **बसन्ते मकै** | |
| ४९ | १२९ | २३९५ | ५८६९ | ४० | ८ |
| **गहुँ** | | **कोदो** | | **फापर** | |
| ६१८ | १५२३ | १५१५ | ११८७ | ६० | ३१ |
| **मास** | | **मुसुरो** | | **सिमी** | |
| ५३ | ५३ | २७ | २७ | २७ | ४४ |
| **वोडी** | | **भटमास** | | **गहत** | |
| ३३ | ५९ | २८ | ३४ | १३ | १४ |
| **तोरी** | | **सर्स्यू** | | **भुसेतिल** | |
| २२२ | २०४ | ५९ | ६० | २४ | २३ |
| **जुनार** | | **सुन्तला** | | **कागती** | |
| ११४ | ७४३ | २६ | १९० | ८ | ११ |
| **काक्रो** | | **फर्सी** | | **ईस्कुस** | |
| १८ | १७० | २५ | २८४ | १२ | ८० |
| **आलु (स्थानिय)** | | **आलु (उन्नत)** | | | |
| ८३ | ७७० | १२३ | १२६७ | | |
| **आँप** | | **लिचि** | | **केरा** | |
| ३२ | ३८६ | २२ | १०८ | ४७ | ४४१ |
| **भुईकटर** | | | | | |
| १० | ९८ | | | | |

**(वर्ष २०७३)** **स्रोतः जिल्ला कृषि बिकास कार्यालय सिन्धुली**

# अनुसूची १

## तिनपाटनको सेरोफेरो (स्थानीय विषयमा विभिन्न वडाहरूबाट प्राप्त सन्दर्भ सामग्रीहरु

### समूह (क)

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | अनुमानित घण्टी |
|---|---|---|---|
| १ | तिनपाटनको वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • आफ्ना गाउँघर नजिक पर्ने नदीनाला, खहरे खोला जस्तै तिनपाटन फाँट, भुकुने तथा वेलघारी र भिमथानको टार, चौतारा गाउँ, कदमे पैरे, छरछरेका जमीनका स्वरुप, जोगे, झार्लाङटार, बोक्से, खैरेनी, झुंगा आदि । ठाटरी डाँडा, क्वान्द्रे, जखनी शिखर, आहाले, छिर्लीङबास, खानी गाउँ, कोटगाउँ, राम्चे, नेपाले शिखर आदि । चदाहा, जिर्गा, झुंगाा खोला, पैरेखोला, फेदी खोला, लुकुवा खोला, साखाजोर खोल, लंगुख खोला, बालाजोर खोला, भालुखोला आदि । बनजंगल, फाट, नदी, पोखरी, खेत, टारी, बनजंगल आदि ।<br>• आफ्ना घर वरपर पाइने विभिन्न रुख विरुवाहरु जस्तै साल, साज, सिमल, बाँस, चिलाउने, बिलाउने, कुट्मेरो, गुयाँलो, गायो, पट्मेरो, धंगेरो आदि ।<br>• आफूभन्दा ठूलालाई आदर सत्कार र सानालाई माया र साथीभाईहरुमा मेलमिलाप, सरसापट, अैंचो, पैंचो, मेला, पर्म आदि । | |

| | | | |
|---|---|---|---|
| २ | तीनपाटनको पेशा, व्यवसाय, सिप र प्रविधि | • आफ्ना गाउँघर वा स्थानीय समुदायमा बसोबास गर्ने मानिसहरुले अपनाउने पेशाहरुको नाम बताउन । (कृषि, पशुपालन, व्यापार, ज्याला मजदुरी, सिकर्मी, डकर्मी आदि ।<br>• स्थानीय प्रविधिहरु जस्तै : ढिकी, जातो, घट्ट, मील, फर्निचर आदिको पहिचान गर्न । | |
| ३ | तीनपाटनको सम्पदा | • आफ्नो स्थानीय क्षेत्रभित्र रहेका, विभिन्न ऐतिहासिक सम्पदाहरु, आफ्नो गाउँघर, छरछिमेक तथा टोलमा अवस्थित विभिन्न धार्मिक सम्पदाहरुको नाम भन्न । (पाटनदेवी मन्दिर-कोटगाउँ, महाकाली मन्दिर-भीमस्थान, शिवमन्दिर-चौतारा, कदमे, पैरे, लक्ष्मीनारायण मन्दिर-शाखाजोर, लोकेश्वर बुद्ध, ङ्युम्चे गुम्बा-फेदी, विलिवर्स चर्च- चौतारा) ।<br>• आफ्नो गाउँघर क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गर्न । (मुङ्ग्रेथाम-अग्लो डाँडा, कल्लेशिखर -परम्परागत बासस्थान, गौरी छागा, आरी दह-किराँते खोला, जेठी, माइली, साहिली, कान्छी दह-फेदी खोला, पारीजात बगैचा-थुम्की शिखर, सिदाली छागा, घिमिरेनी छागा-शाखाजोर, सोह्र खहरे-सेती पैरो । | |
| ४ | तीनपाटनको जातजाति, भाषाभाषी तथा चाडपर्वहरु | • आफ्नो गाउँघर, स्थानीय क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरु जस्तै - ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, मगर, सुनुवार, दमाइ, कामी, सार्की, भुजेल, जोगी आदि ।<br>• आफ्नो गाउँघर स्थानीय क्षेत्रमा मनाइने विभिन्न चाडपर्वहरु जस्तै- दशैं, तिहार, बुद्ध जयन्ती, ल्होछार, क्रिसमस, असारे पन्ध्र, साउने संक्रान्ति, साउने पन्ध्र, कृष्णाष्टमी, जनै पूर्णिमा, तीज, मंसिरे पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा, चैते दशैं आदि । | |

| | | | |
|---|---|---|---|
| ५ | स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • आफ्नो गाउँ समुदायमा रहेको विभिन्न संरचनाहरु, विद्यालय भवनहरु, युवा क्लवहरु, आयुर्वेद औषधालय, स्वास्थ्य चौकी, सहकारी भवनहरु, लघुउद्यम भवन, महिला संजाल भवन, चदाहा पुल (वडा १र२ जोड्ने) नाम र स्थान ।<br>• आफ्नो गाउँघरमा सामाजिक कार्यहरुमा योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरुको ( स्थानीय परिवेशको आधारमा) | |
| ६ | पोषण, खानपिन तथा सरसफाइ | • हाम्रो समुदाय गाउँघरमा खानपिन गर्ने मूख्य मूख्य खानेकुराहरु जस्तै दाल, भात, ढिडो, रोटी, दही, मोही, सर्वत, खिचडी, खिर आदि ।<br>• आफ्नो शरीरको सफा गर्ने बानी (बेला बेलामा नुहाउने, नङ काट्ने, सफा कपडा लगाउने, कपाल कोर्ने, दाँत माझ्ने)<br>• सफा सुग्घर रहेने, बासी तथा सडेगलेका खानेकुरा नखाने, सफा र ताजा खानेकुराहरु खाने बानीको विकास गर्ने । बजारमा पाइने चक्लेट, विस्कुट, चाउचाउ, पाम, चूइगम, विभिन्न वस्तुहरु जस्ले हाम्रो स्वास्थलाई नकारात्मक प्रभाव पार्दछ । | |
| ७ | विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • अप्ठ्यारो अवस्थामा जोगिन, बाढी, पहिरो, भूकम्प आँधीहुरीबाट बाच्न, भीरपाखा खाल्डा आदिबाट बच्न विद्यालय र घरको संरक्षण गर्ने बानीको विकास गर्न अभ्यासात्मक तथा प्रयोगात्मक क्रियाकलापहरु | |

## समूह (ख)

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | अनुमानित घण्टी |
|---|---|---|---|
| १ | स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • भिरालो डाँडाकाडा, हरियाली वनजंगल, कच्ची सडक, खोलानाला, टारी बारी, कछाड तथा साना-साना खोज र वेशी, देवीथान, चौतारी, महाभारतदेखि दक्षिणतर्फ फैलिएको भुगोल<br>• मन्दिर तथा गुफा र धर्म संस्कार, अर्मपर्म, पहिरन, लोकगीत, मारुनी नाच र पञ्चेबाजा, सामाजिक सद्भाव, धार्मिक संहिष्णुता, ठूलाबडाको आदर सम्मान र सानालाई माया । | |
| २ | स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि | • कृषि, पशुपालन, मौरीपालन, कुखुरापालन, अदुवा खेती, डालो नाङ्लो बुनाई, कपडा सिलाई, आरन -फलाम), हातहतियार निर्माण, मुढा डोको तथा चकडी, गुन्द्री तथा मान्द्रो बुनाई, जडीबुट्टी तथा फलफूल खेती, नोकरी, व्यापार किराना पसल तथा पशुपन्छी ।<br>• पानीघट्ट, ओखल, ढिकी, जाँतो कोल, पेल्ट्रीक सेट | |
| ३ | तीनपाटनको सम्पदा | • ऐतिहासिक सम्पदा : पाटनदेवी मन्दिर कोटगाउँ, महादेव मन्दिर जिर्घा, शिव मन्दिर जोगे ।<br>• सांस्कृतिक सम्पदा : झ्याउरे नाच, लोकगीत (लहरे भाका), जातिगत पहिरन, गरगहना र संस्कार, जन्ममृत्यु, बैवाहिक आदि ।<br>• खनिज पदार्थ : फलाम खानी छिर्लिङवास, ढुंगाखानी राम्चे, सुरक्षामा लागि आड धापचौकी ।<br>• धार्मिक तथा पर्यटकीय सम्पदा : पाटनदेवी महादेव गुफा कोटगाउँ । | |

| | | | |
|---|---|---|---|
| ४ | जातजाति, भाषाभाषी तथा चाडपर्वहरु | • मगर, क्षेत्री, कामी, नेवार, बाहुन, तामाङ, ठकुरी, माझी, सुनुवार ।<br>• मगर, नेवारी, तामाङ, नेपाली र सुनुवार ।<br>• दशै, तिहार, मंसिरे पूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, सोनाम ल्होछार, बैशाख तथा फागु पूर्णिमा, तीज, रक्षा बन्धन, गुरु पूर्णिमा, ठूलो एकादशी, शिवरात्री, बालाचतुर्दशी, चैते दशैं, मातातिर्थ औसी, कुशे औसी र मैझार । | |
| ५ | स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • महाभारतदेखि दक्षिणतर्फ फैलिएको डाँडाकाडा, खोलानाला, खानी खोला, पुवा खोला, जिर्घा खोला, जोगे खोला, तीनतले खोला आदि ।<br>• मुख्य वनजंगल : पुवाखोला वन, सामुदायिक वन । | |
| ६ | पोषण, खानपिन तथा सरसफाइ | • अन्न : धान, गहुँ, मकै, कोदो आदि ।<br>• गेडागुडी : भटमास, केराउ, बोडी, सिमी आदि ।<br>• सागपात : सिस्नु, रायो, तोरी, फर्सी, बन्दा कोपी, गाजर, मुला आदि ।<br>• फलफूल : अम्बा, मेवा, केरा, आँप, सुन्तला आदि ।<br>• माछा, मासु ।<br>• दुधबाट बनेको परिकार : दुध, दही, घिउ, पनिर, खुवा, छुर्पी आदि ।<br>• खानपिन (मौसमी अनुसार खानपिन) : अन्न, गेडागुडी, सागपात, दुध, दही, माछामासु, फलफूल आदि ।<br>• सरसफाइ : व्यक्तिगत सरसफाइ, खानेचिज तथा वस्तुको सरसफाइ, घरभित्र वा बाहिरको सरसफाइ, लुगा कपडा र भाडाकुडाको सरसफाइ । | |

| | | | |
|---|---|---|---|
| ७ | विपद व्यवस्थापन र सुरक्षित विद्यालय | ● विपदका प्रकार : विपदभन्दा पहिले, विपदका बेला र विपदपछि ।<br>● व्यवस्थापन : संकटासन्नता पहिचान, बैठक सञ्चालन, जोखिम पहिचान, सुरक्षित स्थान निर्धारण , मर्मत संभार, घेराबेरा, वृक्षारोपण, तारजाली व्यवस्था, तालिम सञ्चालन, सम्पर्क शिक्षक,<br>● सुरक्षित एवम् बालमैत्री विद्यालय निर्माण । | |

## समूह (ग)

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | अनुमानित घण्टी |
|---|---|---|---|
| १ | स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | ● भिरालो डाँडाकाडा, हरियाली वनजंगल, कच्ची सडक, खोलानाला, टारी बारी, कछाड तथा साना-साना खोज र वेशी, देवीथान, चौतारी, महाभारतदेखि दक्षिणतर्फ फैलिएको भुगोल<br>● मन्दिर तथा गुफा र धर्म संस्कार, अर्मपर्म, पहिरन, लोकगीत, मारुनी नाच र पञ्चेबाजा, सामाजिक सद्भाव, धार्मिक संहिष्णुता, ठूलाबडाको आदर सम्मान र सानालाई माया । | |
| २ | स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | ● कृषि, पशुपालन, मौरीपालन, कुखुरापालन, अदुवा खेती, डालो नाङ्लो बुनाई, कपडा सिलाई, आरन -फलाम), हातहतियार निर्माण, मुढा डोको तथा चकडी, गुन्द्री तथा मान्द्रो बुनाई, जडीबुट्टी तथा फलफूल खेती, नोकरी, व्यापार किराना पसल तथा पशुपन्छी ।<br>● पानीघट्ट, ओखल, ढिकी, जाँतो कोल, पेल्ट्रीक सेट | |

| | | | |
|---|---|---|---|
| ३ | तीनपाटनको सम्पदा | • पीपल भञ्ज्याङ चौतारा, त्रिशुले चौतारी, द्वारेढुङ्गा चौतारा, चिलाउने चौतारा, देवीथान आँपडाँडा ।<br>• मारुनी नाच, झ्याउरे नाच, कौरा नाच, भजनकृतन, काली नाच, लोकगीत (लहरे भाका), जातिगत पहिरन, गरगहना र संस्कार ।<br>• सर्वसिद्धेश्वर महादेव गुफा सिम्ले, कालिका देवीथान धाप, शिव पञ्चायन मन्दिर कैलाशपुर, अमृता महादेव कटहन, बर्दानेश्वर महादेव खावा, शिव मन्दिर धाप, लक्ष्मीथान जरङ्गे । | |
| ४ | जातजाति, भाषाभाषी तथा चाडपर्वहरु | • मगर (५५.०४ प्रतिशत), क्षेत्री (१८.२५ प्रतिशत), कामी (५.४३ प्रतिशत), नेवार ( ४.९७ प्रतिशत), बाहुन पहाड (४.७९ प्रतिशत), तामाङ (३.६० प्रतिशत), सुनुवार, घर्ति ।<br>• मगर, नेवारी, तामाङ, नेपाली र सुनुवार ।<br>• दशै, तिहार, मंसिरे पूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, सोनाम ल्होछार, बैशाख तथा फागु पूर्णिमा, तीज, रक्षा बन्धन, गुरु पूर्णिमा, ठूलो एकादशी, शिवरात्री, बालाचतुर्दशी, चैते दशैं, मातातिर्थ औसी, कुशे औसी र मैझार । | |
| ५ | स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | • महाभारतदेखि दक्षिणतर्फ फैलिएको डाँडाकाडा, खोलानाला, चदाहा खोला, खानी खोल, पुवा खोला, अर्मले खोला, देब्रे खोला बस्तिहरु धाप, घ्याम्पा, सिम्ले गडाम्रे, गैरी खानी, विजयपुर ।<br>• विद्यालय (११ वटा), स्वास्थ्य चौकी (१ वटा), वडा कार्यालय (१ वटा), झोलुङ्गे पुल (३ वटा), गल्छी धाप, कैलासपुर, बेलबोटे, आहाले ।<br>• भु उपयोग वन (२३१६-१०-१५ हेक्टर), खेत (७१४-३-१७हेक्टर), बारी (१५१०-७-४ हेक्टर), कच्ची सडक (करबि १३० कि.मी.) । | |

| | | | |
|---|---|---|---|
| | | • मुख्य सडकहरु - विजयपुर, गडाम्रे, ग्रामीण सडक, पलासे, गैरी खानी, खावा सडक, धापगल्छी, नन्द भञ्ज्याङ, कोप्चे सडक, धापचौकी, मगनपुर, कोप्चे, आँपडाँडा, ग्रामीण सडक ।<br>• अवस्थिति : २७ डिग्री उत्तरी अक्षांस ८६ डिग्री पूर्वी देशान्तर ।<br>• समुद्र सतहको ४०० मि. देखी १५०० मिटरको उचाइसम्म फैलिएको ।<br>• मुख्य वनजंगल : मुग्रे वन, पुवाखोला वन, खमारे, किटेनी, तोरी खोला, भोटे थुम्का वन, खावा सिम्ले वन, कटहन वन, नन्द भञ्ज्याङ र लक्ष्मीथान वन ।<br>• सहिदहरु : हरिबहादुर राना मगर, दुर्गाकुमारी राना, रेणुकुमारी थापा मगर, उमेश थापा मगर, मिनबहादुर पूर्वछाने मगर । | |
| ६ | पोषण, खानपिन तथा सरसफाइ | • खाना : भात, ढिडो, च्याख्ला<br>• खाजा : रोटी, मकै, भटमास, चिउरा, तरुल<br>• सन्तुलित भोजन : फलफूल, दुधदही, घिउ, मह, सागपात, माछामासु, मास, गहत, फापर, कन्दमुल ।<br>• खानेपानी : धारा, कुवा, मूल<br>• शौचालय : घरधुरी अनुसार<br>• फोहोरमैला व्यवस्थापन : खाडल<br>• प्लाष्टिकजन्य पदार्थको पुनः प्रयोग<br>• वृक्षारोपण<br>• तारजाली तथा भुक्षयका उपायहरु अवलम्वन । | |

| | | | |
|---|---|---|---|
| ७ | विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • विपदका प्रकार :प्राकृतिक र मानवीय (वर्षा, बाढीपहिरो, चट्याङ, भुकम्प, हुरीवतास, आगलागी, माहामारी ।<br>• व्यवस्थापन : संकटासन्नता पहिचान, बैठक सञ्चालन, जोखिम पहिचान, सुरक्षित स्थान निर्धारण , मर्मत संभार, घेराबेरा, वृक्षारोपन, तारजाली व्यवस्था, तालिम सञ्चालन, सम्पर्क शिक्षक,<br>• विपद व्यवस्थापन समिति गठन, महत्त्वपूर्ण सम्पर्क नम्बरको व्यवस्था , विपद कोषको व्यवस्था, सुरक्षित एवम् बालमैत्री विद्यालय निर्माण । | |

## समूह (घ)

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | अनुमानित घण्टी |
|---|---|---|---|
| १ | स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | • अवस्थिति : पूर्वमा दुधौली नगरपालिका, पश्चिममा कम्बरखोला, उत्तरमा महादेव डाँडा र बाहुन तिल्पुङ र दक्षिणमा डकाहा र सिर्थौली ।<br>• क्षेत्रफल : करिब २५६ वर्ग कि.मी. ।<br>• बोझे, झोलुङ्गे, बतासे, कम्बर खोला, तपसीडाँडा, दोभान्टार लामिडाँडा, जिराइट फाँट, च्याङ्ग्रे खोला , सिप्रिङ डाँडा, बेसारे, भालुखोला, आँपटार, टाँरीबारी ।<br>• मूल्यमान्यता तथा व्यवहार : धर्मप्रति अगाध आस्था, सहयोगी जीवनशैली, सामाजिक कार्यमा सबैको संलग्नता, अर्मपर्म, आपसी सद्भाव, भाइचारा, ठूलाप्रति आदर सम्मान, सानाप्रति प्रेम, स्नेह आदि । | |

| | | | |
|---|---|---|---|
| २ | स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | • पेसा : कृषि, व्यापार, नोकरी, निर्माण मजदुरी, लघुउद्यम, कर्मकाण्ड आदि ।<br>• सिप र प्रविधि : काठबाट निर्माण गरिएका ठेकी, ढुङ्ग्रा, आरी, हलोजुवा, ढिकी, जाँतो, ओखल, कोल आदि ।<br>• बाँसबाट निर्माण गरिएका डाला, डोको, थुम्से, नाङ्लो,<br>• कृषि औजार : कोदालो, साबेल, कुटो, खुकुरी, कचिया आदि ।<br>• अन्नबाट रस निकाल्ने प्रविधि : जाँड, रक्सी | |
| ३ | तीनपाटनको सम्पदा | • आम्बोटेको नामाकरण : परापूर्वकालमा यहाँ आँप र अम्बा प्रशस्त फल्ने भएकोले पछि गएर यस ठाउँको नाम आम्बोटे रहन गएको ।<br>• सांस्कृतिक पक्ष : भीमसेन पूजापाठ, कूलपूजा, भूमेपूजा, देवीदेवताको पूजा, सत्यनारायण पूजा, रुद्री पूजा, विभिन्न चाडपर्वहरु जस्तैः दशै, तिहार, तीज, माघी पर्व आदि ।<br>• धार्मिक पक्ष : हिन्दु, बौद्ध, क्रिश्चियन धर्म आदि ।<br>• पर्यटकीय स्थल : रिठेडाँडा, वाङरिङ डाँडा, लक्ष्मीनारायण मन्दिर, ठोक्रे डाँडा, लामीडाँडा, गर्‌गरेडाँडा, बतासेडाँडा आदि । | |
| ४ | जातजाति, भाषाभाषी तथा चाडपर्वहरु | • मगर, क्षेत्री, कामी, नेवार, बाहुन, तामाङ, ठकुरी, माझी, सुनुवार ।<br>• मगर, नेवारी, तामाङ, नेपाली र सुनुवार ।<br>• दशै, तिहार, मंसिरे पूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, सोनाम ल्होछार, बैशाख तथा फागु पूर्णिमा, तीज, रक्षा बन्धन, गुरु पूर्णिमा, ठूलो एकादशी, शिवरात्री, बालाचतुर्दशी, चैते दशैं, मातातिर्थ औसी, कुशे औसी र मैझार । | |

| | | | |
|---|---|---|---|
| ५ | स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | ● आफ्नो गाउँ समुदायमा रहेको विभिन्न संरचनाहरु, वडा कार्यालय, विद्यालय भवनहरु, युवा क्लवहरु, आयुर्वेद औषधालय, स्वास्थ्य चौकी, सहकारी भवनहरु, लघुउद्यम भवन, महिला संजाल भवन आदिको नाम र स्थान बताउन ।<br>● आफ्नो गाउँघरमा सामाजिक कार्यहरुमा योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरु जस्तै : छाँयादेवी पोखरेल, लोकनाथ भण्डारी, तुलसीराम पोखरेल, पदमबहादुर थापा, नेत्रप्रसाद पहाडी, यमकुमार देवकोटा, विष्णुप्रसाद अधिकारी आदि विशिष्ट व्यक्तिहरुको नाम भन्न । विद्यालय संस्थापकहरुको नाम भन्न । | |
| ६ | पोषण, खानपिन तथा सरसफाइ | ● हाम्रो समुदाय गाउँघरमा खानपिन गर्ने मूख्य मूख्य खानेकुराको नाम भन्न ।<br>● हामीले दैनिक रुपमा खाने विभिन्न पोषणयुक्त खानेकुराको पहिचान गर्न ।<br>● आफ्नो शरीरको सफा गर्ने बानीको विकास गर्न । (बेला बेलामा नुहाउने, नङ काट्ने, सफा कपडा लगाउने, कपाल कोर्ने, दाँत माझ्ने)<br>सफा सुग्घर रहेने, बासी तथा सडेगलेका खानेकुरा नखाने, सफा र ताजा खानेकुराहरु खाने बानीको विकास गर्ने । | |
| ७ | विपद व्यवस्थापन र सुरक्षित विद्यालय | अप्ठ्यारो अवस्थामा जोगिन, बाढी, पहिरो, भूकम्प आँधीहुरीबाट बाच्न, भीरपाखा खाल्डा आदिबाट बच्न विद्यालय र घरको संरक्षण गर्ने बानीको विकास गर्न । | |

## समूह (ङ)

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | अनुमानित घण्टी |
|---|---|---|---|
| १ | स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | जमीन, जंगल, खोला, फाँठ, टार, शिखर, खोँच आदि । लंगुर खोलामा लास  नतार्ने गरेको चलन, सम्मान, माया, स्नेह, अर्म-पर्म, मेलापात, सरसापट, सरसहयोग, पाहुना सम्मान आदि । | |
| २ | स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | आरन, भाँटी र बाँसका सामग्री निर्माण, अदुवा खेती, कुखुरा पालन, दुना टपरी निर्माण । | |
| ३ | तीनपाटनको सम्पदा | ढुंग्रेगढी, आड, चौकी भञ्ज्याङ, टुडिखेल, माइस्थान डाँडा, पैरेनी महादेवस्थान, गुप्ती महादेवस्थान, ढुंग्रेखोला महादेवस्थान, गुप्तेश्वर महादेवस्थान, लंगुर डाँडा, विजुवाथान, ठाकुरथान, भाउजु ओडार, साविक वडा नं. २ का लंगुरडाँडा, लंगुर खोला र अवलमा अवस्थित ।<br>सडिखोप महादेव वाङ्रिङ, बौजागाउँ मुनिको फलाम खानी (किटेनी) | |
| ४ | जातजाति, भाषाभाषी तथा चाडपर्वहरु | मगर, क्षेत्री, बाहुन, दलित, हायू, जनजाति आदि । | |
| ५ | स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद | मुक्तिनाथ तिमल्सिना, डम्बरबहादुर वि.क (खाती), नवराज गौतम | |
| ६ | पोषण, खानपिन तथा सरसफाइ | घरमा निर्माण गरिएका स्वस्थकर खानेकुराहरुको नाम, काम र महत्व ।<br>बजारमा पाइने कमलसल तथा स्वास्थ्यलाई हानी पुर्‍याउने जंकफुडहरु जस्तै चक्लेट, विस्कुट, चुइँगम, पाम, चटपटे आदिबाट बच्ने उपायहरु | |
| ७ | विपद व्यवस्थापन र सुरक्षित विद्यालय | विपद, यसको नाम, असर र बच्ने उपायहरु | |

## समूह (च)

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | अनुमानित घण्टी |
|---|---|---|---|
| १ | स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार | वनजंगल-महाभारत-ठूलोगैरा,चाहाघारी-साल, चिलाउने, ढाल्ने कटुस, खोलानाला-भालुखोला-कन्याखोला-(बिजुली), धोबीखोला, स्याङ्तीखोला-खेतीपातीमा प्रयोग आ-आफ्नो सांस्कृतिक परम्परा अनुसार चाडपर्व, विवाह, प्रतिबन्ध गर्ने गरेको | |
| २ | स्थानीय पेशा, व्यवसाय, सिप र प्रविधि | कृषि र व्यापार - घुम बुन्ने, डोको बुन्ने, दाम्लानाम्ला, मान्द्रा । (बासको चोयाबाट)डालो, नाम्लो, ढकी, मुढा बुन्ने । (काठबाट) - फर्निचर, दराज, कुर्सी टेबल ।<br>मौरीपालन, बाख्रापालन, बंगुरपालन, कुखुरापालन, तरकारी खेती आदि । | |
| ३ | तीनपाटनको सम्पदा | इच्छाश्वरी महादेव, बेंकटेश्वर महादेव, खोरभञ्ज्याङ, टोड्केडाँडा, विष्णुपादुका सेतीपैरो, लक्ष्मीनारायण मन्दिर, शिव मन्दिर, भीमसेन गुम्बा, ज्यामजिङथान, धोवीखोला, लम्सारडाँडा, महाभारत लम्सार, चकमके बजार । | |
| ४ | जातजाति, भाषाभाषी तथा चाडपर्वहरु | जातजाति - मगर (पहिलो), नेवार (दोस्रो), तामाङ (तेस्रो), क्षेत्री, बाहुन, दमै, कामी, सार्की ।<br>भाषाभाषी - मगर भाषा, तामाङ भाषा, नेवार भाषा, साझा भाषा (नेपाली भाषा)<br>चाडपर्व - दशैं, तिहार, माघेसंक्रान्ति, चैते दशैं , बैशाखी पूर्णिमा, जनै पूर्णिमा, साउने संक्रान्ति, ल्होछार ।<br>भेषभुषा - साझा भेषभुषा, सर्टपाइन्ट, कुर्ता सुरुवाल, गुन्यु चोलो । | |
| ५ | स्थानीय संरचना, चाडपर्व र विशेष मेलामा मगरहरुको पहिरन, विशिष्ट व्यक्तित्व र सहिद | विशिष्ट व्यक्तित्व - दलमान श्रेष्ठ, केदारनाथ दुलाल (मा.वि.लाम्पनबतासे स्थापनाका संस्थापकहरु ।<br>जानुमाया तामाङ (महिला उपाध्यक्ष २०३३)<br>मनमाया तिमल्सिना (लाम्पनबतासे क्याम्पसका लागि जग्गादाता) | |

| | | | |
|---|---|---|---|
| ६ | पोषण, खानपिन तथा सरसफाइ | अन्नवाली - धान, मकै, कोदो,<br>फलफूल - मेवा, आँप, कटहर, अम्बा, केरा, लिची, कागती<br>तरकारी - आलु, प्याज, बोडी, काउली, मुला, भेन्टा, घिरौला, तरुल, पिडालु ।<br>दाल - मास, मस्र्याङ, मुसुरो, बोडी, केराउ<br>मासु - खसी, रागो, बंगुर, कुखुरा, परेवा<br>अन्य - दुध, दही, महि, घिउ ।<br>सरसफाइ - धारापानी, कुवापानी, खोलाको पानी उपलब्ध गराइ सरसफाइ | |
| ७ | विपद व्यवस्थापन र सुरक्षित विद्यालय | • प्रत्येक मा.वि.मा जु.रे.स. गठन<br>• युवा क्लव गठन<br>• विद्यालयमा पाल, स्ट्याण्ड आदि व्यवस्था | |